जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २३९ • २०८० साल माघ १२ गते शुक्रबार (26 January, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## झा र भुसाल दोषी ठहर अन्यलाई सफाई

**टुडे समाचारदाता**

काठमाण्डु । मधेश प्रदेशको 'बेटी पढाउ, बेटी बचाउ' कार्यक्रम अन्तर्गतको साइकल खरिद प्रकरणमा तत्कालीन सचिव यामप्रसाद भुसाल र भगवान झालाई दोषी ठहर गरिएको छ । अन्य सबैले भने सफाई पाएका छन् ।

विशेष अदालतले बिहीबार सो मुद्दाको फैसला गर्दै भुसाल र झालाई ३/३ महिना कैद सजाय र जनही १० हजार रुपैयाँ जरिवाना गरेको छ । सो मुद्दामा रहेका ठेकेदारलगायतका कर्मचारीहरुले सफाई पाएका छन् ।

साइकल खरिद प्रकरणमा भ्रष्टाचार भएको अभियोग लगाउँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा बिगो सहितको सजाय माग गरेको थियो । तर अदालतले विगो कायम नगरी भुसाल र झालाई मात्र दोषी ठहर गरेको छ ।

अधिवक्ता दीपेन्द्र झाका अनुसार ठेक्का प्रकरणमा प्रक्रियागत त्रुटि गरेको ठहर गर्दै सजाय गरिएको छ । मुद्दामा विगो कायम नगरिएकोले सजायलाई भ्रष्टाचार भन्न नमिल्ने बताउँदै अधिवक्ता झाले भने, 'प्रक्रियागत त्रुटि देखिएकोले अदालतबाट सजाय भएको हो ।'

ठेकेदारसहित ८ जनालाई दोषी ठहर गरी अख्तियारले विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो । विशेष अदालतमा मुद्दा चलेको कारण मधेश प्रदेशको मुख्य सचिवालय रहेको मधेश भवनको गोदाममा झण्डै ५ हजार साइकल अलपत्र अवस्थामा रहेको छ ।

साइकल सप्लायर्सले भुक्तानी पाउन सकेका छैन् । प्रदेश सरकारको तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको बेला साइकल खरिद गरिएको थियो । अख्तियारले मुद्दा दर्ता गरेपछि प्रदेश सरकारले साइकल वितरणको कार्यक्रम नै रोकेको छ । कक्षा ८ मा अध्ययनरत छात्राहरुलाई 'बेटी पढाउ, बेटी बचाउ' कार्यक्रम अन्तर्गत साइकल वितरण गरिएको थियो ।

### राष्ट्रिय सभा सदस्य पदको निर्वाचन सम्पन्न

# राष्ट्रिय सभा सदस्यमा गठबन्धनका ढुंगाना र चौधरी विजयी

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय सभा सदस्य पदको बिहीबार सम्पन्न भएको निर्वाचनमा मधेश प्रदेशबाट सत्तारुढ गठबन्धनबाट नेपाली कांग्रेसका उम्मेदवार आनन्द प्रसाद ढुंगाना र जनता समाजवादी पार्टी(जसपा) की उम्मेदवार पूजा चौधरी विजयी भएका छन् ।

अन्य कोटा तर्फबाट ७ हजार ३ सय ७० मतभार पाएर ढुंगाना निर्वाचित भएका हुन् । ढुंगानाले प्रदेशसभा सदस्यका ६७ र पालिका पदाधिकारीहरुको २ सय १ मत पाए ।

एमालेकी विजेता झाले २ हजार ४ सय ८४ मतभार पाए । उनलाई प्रदेशसभाका २५ र पालिकाका पदाधिकारीको ६१ मत परेको थियो ।

महिला कोटातर्फ सत्ता गठबन्धनकी पूजा चौधरीले ७ हजार ९ सय २३ मतभार पाएर विजयी भएकी छन् । उनलाई प्रदेशसभाका ७६ र पालिका पदाधिकारीहरुको २ सय ५ मत परेको हो ।

महिलातर्फ एमालेकी उषा चौधरी थरुनीले २ हजार ४ सय ४६ मतभार पाइन् । उनलाई प्रदेशसभातर्फ २५ र पालिका पदाधिकारीतर्फ ५९ मत परेको थियो ।

जनमत पार्टीका अन्य तर्फका उम्मेदवार रामशंकर महासेठले कुल ८ सय १८ मतभार



प्राप्त गरे । महिलातर्फको मतदानमा प्रदेश सभातर्फको ५ र पालिकातर्फको २ मत बदर भएको थियो । पुरुषतर्फ भने पालिकातर्फको १ मत मात्र बदर भएको थियो ।

मधेश प्रदेशमा कुल मतभार १० हजार ८ सय ३९ रहेको थियो । पाँच वटा पालिकाका मेयर/अध्यक्ष निलम्बनमा रहेकाले मतदानमा भाग लिन पाएनन् । प्रदेश सभा सदस्य अभिराम शर्मामाथि ज्यान मुद्दा लागेकाले उनी पनि मतदानबाट बञ्चित भए ।

मधेश प्रदेशमा प्रदेश सभाका १ सय ७ जना मतदाता रहेकोमा १ सय ६ जनाले मतदान गरे । प्रदेश सभातर्फ ९९ दशमलव शून्य ७ प्रतिशत मतदान भएको निर्वाचन आयोगले जनाएको छ ।

जनमत पार्टीका मतदाताहरुले महिला सदस्यतर्फ गठबन्धनकी उम्मेदवार पूजा चौधरीलाई मतदान गरेको बताएका छन् ।जसपासित सम्बन्ध बिग्रेर मधेश सरकारबाट बाहिरिएको जनमतका मतदाताहरुले गठबन्धनमा रहेका जसपाकी उम्मेदवारलाई मतदान गरेको प्रदेश सभाका एकजना सदस्यले बताए ।

त्यसैगरि गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख/उपप्रमुखतर्फ २ सय ६७ मतदाता रहेकोमा २ सय ६७ जनाले नै मतदान गरेका छन् । स्थानीयतर्फ शत प्रतिशत मतदान भएको आयोगले जनाएको छ । मधेश प्रदेशको कुल मतदाता ३ सय ७४ मतदाता रहेकोमा ३ सय ७३ जनाले मतदान गरेका छन् । मधेश प्रदेशको चुनावमा कुल ९९ दशमलव ७७ प्रतिशत मतदान भएको निर्वाचन आयोगले जनाएको छ ।

अन्यतर्फ निर्वाचित भएका नेकांका ढुंगानाले २०४६ सालपछिको तीनवटा आमनिर्वाचनमा लगातार प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका थिए । उनी संविधान सभा सदस्यसमेत रहीसकेका छन् । अब राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएका छन् ।

ढुंगाना पर्यटन तथा नागरिक उड्डयन मन्त्री रहेका बेला नेपालमा भ्रमण वर्षको सुरुवात भएको थियो । नेपालमा पर्यटन क्षेत्रलाई सुदृढ बनाइ आन्तरिक र वाह्य पर्यटकहरुलाई भित्र्याउन भ्रमण वर्षको सुरुवात गरिएको थियो ।

राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएकाहरुको कार्यकाल ६ वर्षको रहने छ । हरेक २ वर्षमा राष्ट्रिय सभा सदस्यको २० पद रिक्त हुने र त्यो निर्वाचनबाट पूर्ति हुने प्रावधान छ । यस पटक २० मध्ये १९ पदको निर्वाचन भएको छ । त्यसमध्ये मधेश प्रदेशमा २ सदस्यको निर्वाचन भएको छ । १ जना सदस्य संघीय सरकारको सिफारिसमा राष्ट्रपतिले मनोनित गर्ने छन् ।




सत्यमेव जयते



भारतीय महावाणिज्य दूतावास, बीरगंजको तर्फबाट, म, भारतको ७५औं गणतन्त्र दिवसको शुभ अवसरमा भारतीय समुदाय र नेपालमा रहेका भारतका मित्रहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। हामीले पछिल्लो समयमा धेरै कार्यक्रम आयोजना गरेका छौं जसमा राम्रो संख्यामा यहाँहरूको उपस्थिति रहेको थियो। भारतीय महावाणिज्य दूतावासको कार्यक्रममा सहभागी भई सफल बनाउनुहुने महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दछौं ।

२. वाणिज्य दूतावासले नेपालमा भारतीय नागरिकहरूलाई दर्ता प्रमाणपत्र जारी गर्दछ र आफ्नो क्षेत्राधिकारमा बस्ने भारतीय नागरिकहरूको गुनासोहरू समाधान गर्न मासिक खुला मंचको आयोजना गर्दछ। हालसम्म २२ वटा यस्ता खुला मंचको आयोजना भइसकेको छ । मधेश प्रदेशका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लाहरू तथा वागमती प्रदेशका मकवानपुर र चितवन जिल्लाहरूमा बसोबास गर्ने सबै भारतीयहरुलाई बीरगंज स्थित भारतीय महावाणिज्य दूतावासमा दर्ता गराउन प्रोत्साहित गर्दछौं।

३. भारतीय महावाणिज्य दूतावास नदीको तटबन्ध, एकीकृत जाँच चौकी, रेलमार्ग निर्माण, दुई देशबीचको द्विपक्षीय व्यापारमा उत्प्रेरकको रूपमा काम गर्नु बाहेक नेपालका जनतालाई शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारको विकास, विद्यार्थीलाई छात्रवृत्ति, विश्वसनीय संस्थालाई एम्बुलेन्स/बस उपलब्ध गराउने लगायतका क्षेत्रमा सहयोग गर्न प्रतिबद्ध छ । माननीय भारतका विदेशमन्त्रीज्युको सन् २०२४ जनवरी ४ देखि ५ सम्मको नेपाल भ्रमणका क्रममा नेपालमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू (HICDPs) कार्यान्वयनका लागि भारत सरकार र नेपाल सरकार बीच सम्झौता भएको थियो । नयाँ सम्झौतामा एचआईसीडीपीहरू कार्यान्वयनका लागि बजेटको सीमा पहिलेको ५ करोड रुपैयाँबाट २० करोड रुपैयाँ सम्म बढाइएको छ । यो सम्झौताले नेपाली जनताको जीवन र भविष्यमा सुधारका लागि नेपालमा ठूला परियोजनाहरू कार्यान्वयन गर्न निश्चित रूपमा मार्ग प्रशस्त गर्नेछ।

४. वाणिज्य दूतावासले नेपाल र भारतका सीमावर्ती जिल्लाका जिल्ला प्रशासनहरूबीच समसामयिक हितका विषयमा भारत-नेपाल सीमा समन्वय बैठक आयोजना गर्दै आएको छ । सीमापार आपराधिक गतिविधि, लागुऔषध ओसारपसार, विभिन्न प्रतिबन्धित सामानको ओसारपोसार, आतङ्ककारी तत्वको गतिबिधि र मानव बेचबिखन नियन्त्रण, आदि गर्न दुवै देशका प्रशासन र सीमा सुरक्षा बलबीच राम्रो समन्वयका लागि हालै जनकपुर, बिरगंज र रौतहटमा यस्ता बैठक सम्पन्न भएका छन् ।

५. वाणिज्य दूतावासले भारतको छोटो र लामो अवधिको भ्रमणका लागि विभिन्न निजी र सार्वजनिक यातायातका सवारी साधनहरूलाई सवारी अनुमति प्रदान गर्दछ। वाणिज्य दूतावासले दुई देशबीचको द्विपक्षीय व्यापारको विकास र सहजीकरण गर्न विभिन्न सरोकारवालाहरूसँग काम गर्दछ। वाणिज्य दूतावास द्वारा भारत-नेपाल सेन्टर अफ पीएचडी चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिज (PHDCCI) र बीरगंज चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिज (BiCCI) को सहकार्यमा 'भारत-नेपाल आर्थिक साझेदारी शिखर सम्मेलन २०२३' को दोस्रो संस्करणको आयोजना डिसेम्बर २०, २०२३ मा बीरगंजमा गरियो । शिखर सम्मेलनको प्राथमिक उद्देश्य प्रमुख आर्थिक क्षेत्रहरूमा व्यापार संलग्नताका नयाँ मार्गहरू खोल्नु थियो, जसले द्विपक्षीय व्यापारलाई महत्त्वपूर्ण प्रोत्साहन दिनेछ । वाणिज्य दूतावासले दुई देशका व्यापारीहरू बीचको व्यापार विवादमा मध्यस्थता पनि गर्दछ । वाणिज्य दूतावासको प्रयासमा कोभिड-१९ को महामारीका कारण बन्द भएको मटिअर्वा-आदापुर नाकाबाट सवारी आवागमन जनवरी १५, २०२४ देखि पुनः सुचारु भएको छ । त्यसैगरी, गौर-बैरगनिया नाका बिहान ६ बजेदेखि राति १० बजेसम्मको सट्टा बिहान ५ बजेदेखि राति ११ बजेसम्म खुला गर्नका लागि वाणिज्य दूतावासले सरोकारवाला निकायसँग गरेको हस्तक्षेपपछि गौर-बैरगनिया सीमानाका जनताको माग पनि पूरा भएको छ ।

६. भारतका माननीय विदेशमन्त्री डा. एस. जयशंकरज्युको नेपाल भ्रमणका क्रममा नेपाल सरकार र भारत सरकार बीच दीर्घकालीन विद्युत व्यापार गर्ने सम्झौतामा हस्ताक्षर भएको छ । यस सम्झौता अन्तर्गत १० वर्षको अवधिमा नेपालबाट भारतमा हुने विद्युत् निर्यातको मात्रा १० हजार मेगावाट सम्म पुऱ्याउने र त्यसका लागि विद्युत उत्पादन क्षेत्र र प्रसारण पूर्वाधार क्षेत्रमा पारस्परिक लाभकारी लगानीलाई प्रोत्साहन गर्न आवश्यक सबै उपाय अवलम्बन गर्ने सहमति भएको छ । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले विकसित गरेको मुनाल स्याटेलाइट प्रक्षेपणका लागि न्यू स्पेस इन्डिया लिमिटेड र नेपाल एकेडेमी अफ साइन्स एन्ड टेक्नोलोजीबीच प्रक्षेपण सेवा सम्झौता पनि भएको छ । नेपाली विद्यार्थीहरु द्वारा विकास गरिएको यो भूउपग्रहलाई भारतीय प्रक्षेपण रकेटबाट निःशुल्क प्रक्षेपण गरिने छ । त्यसैगरी एनटीपीसी लिमिटेड र नेपाल विद्युत प्राधिकरणबीच नवीकरणीय ऊर्जा विकासमा सहयोग गर्ने समझौता पनि भएको छ । यस समझौताले NTPC र NEA बीच नवीकरणीय ऊर्जामा सहयोगको लागि एक रूपरेखा सिर्जना गर्दछ। भारतीय विदेशमन्त्री र उनका नेपाली समकक्षी द्वारा रक्सौल-परवानीपुर लाइनको दोस्रो सर्किट, कटैया-कुशाहा लाइनको दोस्रो सर्किट र नयाँ नौतनवा-मैनहैया लाइन गरी तीनवटा १३२ केभी क्रस बोर्डर प्रसारण लाइनको संयुक्त रुपमा उद्धाटन गरियोस ।

७. भारतले आफ्नो "छिमेकी पहिलो" नीति अंतर्गत नेपालसँगको सम्बन्धलाई अत्यन्तै महत्त्व दिन्छ र विभिन्न पहलहरू मार्फत नेपालका जनतालाई सहयोग जारी राख्नेछ । वाणिज्य दूतावास दुई सरकारबीचको सम्बन्धलाई थप मजबुत बनाउन नजिकबाट काम गर्न तत्पर छ ।

**जय हिन्द, जय नेपाल**
बीरगंज (नेपाल)
जनवरी २६, २०२४

# 'आमसञ्चार र समावेशी पत्रकारिता' सार्वजनिक


टुडे समाचारदाता

काठमाण्डु । सञ्चार क्षेत्रमा क्रियाशील संस्थामा संलग्न जनशक्ति र विषयवस्तुमा समावेशीकरणको यथार्थ समेटिएको पुस्तक 'आमसञ्चार र समावेशी पत्रकारिता' सार्वजनिक भएको छ। पत्रकार तारामणि सापकोटाले लेख्नुभएको उक्त पुस्तकमा समावेशीताको सैद्धान्तिक पक्ष तथा सरकारी सञ्चार संस्था र पेसागत सङ्घसङ्गठनमा समावेशीकरणको वर्तमान अवस्थाका बारेमा तथ्याङ्कीय विश्लेषण प्रस्तुत गरिएको छ।

विहिबार यहाँ आयोजित कार्यक्रममा राष्ट्रिय समावेशी आयोगका अध्यक्ष डा रामकृष्ण तिमिल्सिना र आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापाले संयुक्त रुपमा उक्त पुस्तकको विमोचन गरे।

सो अवसरमा समावेशी आयोगका अध्यक्ष तिमिल्सिनाले समावेशीतालाई हेर्ने दृष्टिकोण बदल्नुपर्नेमा जोड दिँदै समावेशीता सामुदायिक प्रतिनिधित्व मात्रै नभई समुदायभित्रका भौगोलिक र वैचारिक प्रतिनिधित्व पनि हो भने। "विविधतायुक्त समावेशीतालाई अगाडि बढाउनुपर्छ, यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीति आवश्यक छ", उनले भने।

आदिवासी जनजाति आयोगका अध्यक्ष थापाले नीति निर्माण र कार्यान्वयन तहमा समावेशीकरण नहुँदा त्यसको प्रभाव राज्यका सबै निकाय र सञ्चार माध्यममा पनि परेको बताए। समावेशी लोकतन्त्रको पाटो उल्टो बाटोमा जान लागेको महसुस भइरहेको उल्लेख गर्दै उनले लोकतन्त्रको समावेशीकरणमा सबै पक्ष गम्भीर




हुनुपर्ने बताए।

पुस्तकमाथि टिप्पणी गर्दै राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष एवं नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष धर्मेन्द्र झाले नेपाली समाज विविधतायुक्त भए पनि सञ्चारमाध्यममा विविधता पाउन नसकिएको यथार्थ पुस्तकले दर्शाएको बताए। "सञ्चार माध्यमले समाजको चित्र ग्रहण गर्न सकेका छैनन्, मिडियो सबल नहुँदा लोकतन्त्र नै सुदृढ हुन नसकेको विषयलाई पुस्तकमा प्रष्टसँग देखाइएको छ", उनले भने।

अध्यक्ष झाले समावेशीकरणको सैद्धान्तिक पक्ष प्रष्ट पार्दै पुस्तकले सञ्चार क्षेत्रसँग सम्बन्धित सङ्घसंस्थामा समावेशीताको विषयलाई तथ्याङ्कीय रुपमा पुष्टि गरिएको बताए। "सञ्चार क्षेत्रमा कार्यरत जनशक्तिको दृष्टिकोणबाट पुस्तकमा अध्ययन भए पनि समाचारीय विषयवस्तुको समावेशी पक्षबारे अनुसन्धान हुन सकेन, विषयवस्तुका बारेमा पनि अध्ययन हुनुपर्छ", उनले भने।

टिप्पणीकार एवं सञ्चारिका समूहका अध्यक्ष बिमला तुम्खेवाले पत्रकार महिलाले सङ्घर्ष जारी राख्नुपर्ने अवस्था तथा नेपालको इतिहास, वर्तमान र भविष्यलाई पुस्तकले मार्गदर्शन गरेको बताए।

त्यस्तै, अर्का टिप्पणीकार एवं पत्रकार महासङ्घका पूर्वअध्यक्ष शिव गाउँलेले मिडियाको विषयवस्तु कुनै एक जातिको वरपर घुमेको, समाचार कक्ष तथा सञ्चार संस्था समावेशी हुन सकेका छैनन् भन्ने तथ्य पुस्तकले देखाएको बताए।

पुस्तकका लेखक सापकोटाले पुस्तकमा सञ्चार माध्यम, सञ्चार संस्था, पत्रकारका पेसागत सङ्घसङ्गठन, संवैधानिक तथा कानुनी आयोग, सञ्चारमाध्यममा प्रकाशन-प्रसारण भएका सामग्री, सञ्चारमाध्यममा सहभागिताको अवस्थाको परिमाणात्मक विधिबाट अध्ययन गरिएको जानकारी दिए।

# अदालतको अनुमति

टुडे समाचारदाता

काठमाण्डु। विशेष अदालतले नेपाल टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक सुनील पौडेल र सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल हिरासतमै राखेर अनुसन्धान गर्न अनुमति दिएको छ।

विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीले पौडेलद्वयलाई हिरासतमै राखेर अनुसन्धान गर्न सात दिनको म्याद दिएको जानकारी दिए।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पक्राउ गरेका व्यक्तिविरुद्ध म्याद थप गर्दा सामान्यतया बहस गर्ने प्रचलन नभएपनि पौडेलद्वयका अधिवक्ताले हिरासतभन्दा बाहिर रहेक मुद्दा लड्न पाउनुपर्ने माग गरेका थिए।

सेक्युरेटी प्रिटिन्ड घोटाला प्रकरणमा जोडिएपछि निलम्बनमा परेका पौडेलद्वयलाई अख्तियारले बुधबार पक्राउ गरी मुद्दा दायर गरेको थियो।

अख्तियारले गत असोज १५ गते पौडेलसहितका व्यक्तिविरुद्ध रु २३ करोड २७ लाख ५८ हजार बिगो माग दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

त्यस्तै गत वैशाखमा विकल पौडेलसहितका व्यक्तिविरुद्ध करिब रु ७० करोड मागदाबीसहित अख्तियारले दायर गरेको थियो।

# ऐन संशोधन गर्न सर्वोच्चको निर्देशनात्मक आदेश

टुडे समाचारदाता

काठमाण्डु । सर्वोच्च अदालतले राष्ट्रिय मानवअधिकार आयोगको सुधारका लागि ऐन संशोधनको प्रक्रिया यथाशीघ्र अघि बढाउन निर्देशनात्मक आदेश गरेको छ।



न्यायाधीशद्वय सुष्ममालता माथेमा र हरिप्रसाद फुयालको संयुक्त इजलासले गत भदौमा जारी गरेको आदेशको विहिबार सार्वजनिक पूर्णपाठमा आयोगको काम कारबाही प्रभावकारी बनाउन ऐन सशोधन प्रक्रिया बढाउन निर्देशनात्मक आदेश गरेको हो।

आदेशमा भनिएको छ, "आयोगबाट सिफारिस भई मुद्दा चलाउन महान्यायाधिवक्ता समक्ष पेश भएका मुद्दा चलाउन, मानवअधिकार उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्न, त्यस्ता व्यक्तिलाई कुनै संवैधानिक वा सार्वजनिक पदमा नियुक्ति तथा बढुवा वा कुनै सुविधा प्रदान नगर्नू।"अदालतले करिब पाँच वर्षभन्दा पहिले आयोगबाट गरिएका सिफारिस प्राभावकारी कार्यान्वयन नभएको सम्बन्धमा अधिवक्ता वीरेन्द्र थपलियाले दायर गर्नुभएको रिट निवेदनमा उक्त आदेश गरेको हो। आदेशमा द्वन्द्वकालमा आयोगमा पेश भएका उजुरीहरु सत्यनिरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिनसम्बन्धी ऐन संशोधन भई स्वतन्त्र र सक्षम देखिएमा त्यस्ता उजुरीहरु सम्बन्धित आयोगमा पेश गर्न सर्वोच्च अदालतले निर्देशनात्मक आदेश गरेको छ।

आयोगको सिफारिस वा आदेश नमान्ने व्यक्ति वा पदाधिकारीकाविरुद्ध अपहेलना वा मानहानीमा कारबाही चलाउन पाउनुपर्ने माग गरिएको रिट निवेदनमा आयोगको ऐन संशोधनका सम्बन्धमा सरकार समक्ष पत्राचार भई कारबाही अघि बढेकाले अदालतले रिट निवेदन खारेज गरेको छ।उक्त निवेदनमा आयोगको क्षेत्राधिकार उल्लेख भएको संविधानको धारा २४९ र बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३(३) बाझिएको भनी आयोगमा भएका द्वन्द्वकालका घटनाको छानबिन मानवअधिकार आयोगले नै गर्न पाउनुपर्ने माग थियो।

अदालतले मानवअधिकार उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्नुपर्ने र त्यस्ता व्यक्तिलाई संवैधानिक वा कुनै सार्वजनिक पदमा नियुक्ति, बढुवा वा अन्य कुनै सुविधा प्रदान गर्न छेकवार लगाउनुपर्ने, आयोगकासिफारिसकोप्रभावकारी कार्यान्वयन हुनुपर्ने, आयोगले मुद्दा चलाउन सिफारिस गरेमा महान्यायाधिवक्तामार्फत अगाडि बढाउनुपर्ने आदेश गरेको छ।

आयोगको अधिकार र कार्यक्षेत्र विस्तार गर्ने गरी अदालतले गरेको निर्देशनात्मक आदेश जारी गर्दा राष्ट्रिय, अन्तर ाष्ट्रिय र तुलनात्मक कानुनको विश्लेषण र सर्वोच्च अदालतका पहिलेका निर्णयलाई आधार बनाइएको छ।

# सामूहिक हत्या प्रकरणका फरार प्रतिवादी पक्राउ



टुडे समाचारदाता

किमाथाङ्का । संखुवासभाको सिद्धकालीमा सामूहिक हत्या प्रकरणमा संलग्न एकजना महिला पक्राउ परेकी छन् । सामूहिक हत्या प्रकरणमा फरार रहेकी चैनपुर नगरपालिका-३ की ३५ वर्षीया कैली तामाङ पक्राउ परेकी हुन्।

सामूहिक हत्या प्रकरणमा संलग्न कैली तामाङलाई मोरङ प्रहरीको सहयोगमा बुधबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी नायब उपरीक्षक घनश्याम श्रेष्ठले जानकारी दिए।

तामाङलाई मोरङको केराबारी गाउँपालिका-१० स्थित मोहन नेपालको घरबाट पक्राउ गरिएको उनले बताए।

प्रहरीले विहिबार निजलाई इलाका प्रहरी कार्यालय चैनपुर ल्याइएको छ। बीस वर्षअघि भएको सामूहिक हत्या प्रकरणमा संलग्न तामाङ कर्तव्य ज्यान मुद्दामा अदातलबाट दोषी ठहर भए पनि फरार थिइन्। गत २०६० सालमा दुईजना पुरुषको सामूहिक हत्या गरिएको घटनामा संलग्न भएकी तामाङ प्रहरीको फरार सूचीमा थिइन्।

कर्तव्य ज्यान मुद्दाकी प्रतिवादी तामाङलाई घटनामा संलग्न रहेको भनेर संखुवासभा जिल्ला अदालत चैनपुरले दोषी ठहर गरिसकेको छ । जिल्ला अदालतले २०६६ साल फागुन १२ गते निजलाई २० वर्ष कैद सजाय तोकेको थियो।

संखुवासभाको साबिकको सिद्धकाली-२ का मङ्गल लिम्बू र योगेन्द्र दाहालको २०६० साल फागुन १० गते सामूहिक हत्या भएको थियो । खानेपानीको पाइप हराएको विवाद उत्कर्षमा पुग्दा पारिवारिक नाता सम्बन्धका आठजना मिलेर दुईजनाको सामूहिक हत्या गरेको पाइएको थियो।

दुई पक्षबीच भएको विवादमा हाल पक्राउ परेकी कैली तामाङसहित राजेन्द्र तामाङ, राजेन्द्रकी पत्नी निर्मला पाण्डे (तामाङ), गोपाल तामाङ, देवीमाया तामाङ, गणेश तामाङ, धनमाया तामाङ र लोकबहादुर तामाङ मिलेर मङ्गल र योगेन्द्रको हत्या गरेको प्रहरी अनुसन्धानबाट खुलेको प्रनाउ श्रेष्ठले जानकारी दिए। घटनामा संलग्नविरुद्ध दर्ता भएको कर्तव्य ज्यान मुद्दाको १४ वर्षअघि नै अदालतबाट फैसला भइसकेको थियो।

# पार्किङको विकल्प खोज्दै महानगर

टुडे समाचारदाता

काठमाण्डु । काठमाडौँको प्रमुख व्यापारिक केन्द्र न्यूरोड (नयाँ सडक) क्षेत्रको सडकमा पार्किङ पूर्णतः निषेध गर्ने काठमाडौँ महानगरपालिकोनिर्णयलेसोक्षेत्रका व्यापारी आन्दोलित भएका छन्। महानगरले बन्दै गरेको धरहरासहित सुन्धाराको सञ्चय कोष भवनलाई पार्किङको विकल्पका रूपमा लिएको छ।

राजधानीकै प्रमुख व्यापारिक क्षेत्रबाट पार्किङ हटेपछि सो क्षेत्रको व्यापारमा असर पर्ने भन्दै व्यापारी आन्दोलनमा उत्रिएका छन् । महानगरका सहायक प्रवक्ता दीपक अधिकारीले विकल्पको रूपमा नयाँ सडक वरपरका विभिन्न स्थानमा पार्किङका लागि व्यवस्था गर्न लागिएको जानकारी दिए।

प्रवक्ता अधिकारीले भने, "बन्दैगरेकोधरहरा,पिपल्सप्लाजा, आरबी कम्पलेक्स, ताम्राकार हाउस, रञ्जना कम्पलेक्स, विशालबजार, वीर अस्पताल, आर्मी भवन र सुन्धाराको सञ्चय कोष भवन विकल्पका रूपमा छन् । यी स्थानमा पार्किङका लागि महानगरले छलफल गरिरहेको छ।"धरहराको पार्किङ एक महिनाभित्र सञ्चालन गर्ने र सञ्चय कोष भवनको पसल हटाएर पार्किङ बनाउनका लागि पत्राचार गरिएको सहायक प्रवक्ता अधिकारीले जानकारी दिए । उनले भने, "तत्कालका लागि नयाँ सडक जान खोजेका सवार ािसाधनका धनीलाई काठमाडौँ टावर (साविक पुरानो बसपार्क) ठाउँमा तीन सय चारपाङ्ग्रे सवार ािसाधन र सात सय दुईपाङ्ग्रे सवार ािसाधनलाई निःशुल्क पार्किङको सुविधा उपलब्ध गराएका छौँ । सञ्चय कोष भवनको पार्किङ खोल्न व्यवसायीसँग छलफल गरिरहेका छौँ।"सहायक प्रवक्ता अधिकारीले नयाँ सडकमा पार्किङको व्यवस्था गर्न 'ह्वील टुल्स प्रालि' नामक कम्पनीसँग पाँच वर्षका लागि भएको सम्झौताको समय सकिएपछि अब नविकरण नगर्ने निर्णय भएको जानकारी दिए।महानगर प्रहरी बलका प्रमुख वरिष्ठ नगर प्रहरी उपरीक्षक राजुनाथ पाण्डेले कर्मचारी सञ्चय कोषले पार्किङ भनेर नक्सापास गराएर व्यापारिक प्रयोजनका लागि सटर भाडामा दिएको आरोप लगाऐ । उनले भने, "सरकारी निकायले महानगरको काममा सहयोग गर्नुपर्ने हो । आफ्नो भवन आफैँले खाली गर्नुपर्ने हो। तर कोषले पार्किङ प्रयोजन भनेर नक्सापास गराउने अनि व्यापारीलाई भाडामा दिने काम गरिरहेको छ।"

## माइग्रेशन हरायो

घरबाट जनकपुर जानेक्रममा मेरो निम्न व्यहोरा भएको निम्न अनुसारको कक्षा १२ को माइग्रेशन मिति २०८०/०८/१२ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगाना अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।
**नाम : मेघा कुमारी साह**
**सिम्बोल नं.: २०५०१३२७**
**रजिष्ट्रेशन नं.:७५२५११४६५**
**ठेगाना: जि.ध.लक्ष्मीनिया गापा -४**
**मो.नं.९८४४३२४५०७**

# सरकार आन्तरिक रोजगार दशक घोषणाको तयारीमा

टुडे समाचारदाता

काठमाण्डु। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले विसं २०८१ देखि २०९१ लाई आन्तरिक रोजगार दशक घोषणा गर्ने तयारी सरकारले गरिरहेको बताएका छन्।

नबिल बैंकद्वारा विहिबार यहाँ आयोजित नबिल दक्ष प्रवासी उद्यमशील कर्जासम्बन्धी कार्यक्रमको औपचारिक शुभारम्भ गर्दै मन्त्री भण्डारीले अहिले राष्ट्रिय आप्रवासन नीति निर्माणको चरणमा रहेको र आगामी वर्षबाट आन्तरिक रोजगार दशक मनाइने बताएका हुन्।

"राष्ट्रिय आप्रवासन नीति बनाउन कार्यदल गठन गरेर काम भइरहेको छ। यो कार्यदलले आन्तरिक र बाह्य आप्रवासनको स्थिति विश्लेषण गरी अबको हाम्रो आप्रवासन तथा रोजगार नीति कस्तो हुनेछ भन्ने विश्लेषण गर्नेछ", उनले भने, "आन्तरिक रोजगारी सिर्जना गरेर हाम्रो श्रमशक्ति बाहिर जान नदिनु हाम्रो मुख्य लक्ष्य र जिम्मेवारी हो। त्यसको व्यवस्थापनका लागि अहिले आन्तरिक रोजगारी सूचना प्रणाली तयार भइरहेको छ।"

श्रममन्त्री भण्डारीले नेपालको कुल गार्हस्थ्य उत्पादनमा वैदेशिक रोजगारीले ठूलो योगदान गरे पनि नेपालबाट ठूलो जनशक्ति बाहिरिँदा आन्तरिक श्रम बजारलाई समस्या भएको उल्लेख गरे। स्वदेशमा रोजगारीको अवसर नहुँदा युवाशक्ति विदेशिनुपरेको उनले बताए।

"ठूलो संख्यामा युवाहरु विदेशिइरहेका छन्। यो हाम्रो बाध्यात्मक अवस्था हो। नेपालमै रोजगारी सिर्जना कसरी गर्ने र श्रमशक्ति बाहिरिनबाट रोक्ने भनेर हामीले केही योजना बनाउन सकेका छैनौँ", उनले भने, "आन्तरिक रोजगारी सिर्जना नै पहिलो विकल्प हो। तर कुरा गरेर मात्र यो समस्या समाधान हुँदैन। सबै क्षेत्रको सहयोग र समन्वय आवश्यक छ।"

श्रम मन्त्रालयका सचिव केवलप्रसाद भन्डारीले जलवायु परिवर्तनका कारण उत्पन्न समस्या र गरिबीका कारण नेपालमा आन्तरिक तथा बाह्य बसाइँसराइ बढिरहेको बताए। "अवसरका लागि युवाहरू विदेशिने मात्र नभई देशभित्रै पनि आप्रवासनको ठूलो चक्र रहेको छ। गाउँबाट अवसरका लागि सहर पस्ने क्रम बढेको विभिन्न तथ्याङ्कले पनि देखाएका छन्", सचिव भण्डारीले भने।

विभिन्न देशबाट सीप तथा प्रविधि सिकेर फर्किएकाहरूलाई नेपालमा व्यवसाय गर्ने वातावरण बनाउन बैंक तथा वित्तीय संस्थाहरूले सानो पुँजीको कर्जा सहजरूपमा प्रवाह गर्नुपर्ने बताए। त्यस्तै वैदेशिक रोजगारमा जाने अधिकांशले मिटरब्याजमा ऋण लिनुपर्ने अवस्था रहेको उल्लेख गर्दै सचिव भण्डारीले बैंकबाट कर्जा लिएर विदेश जान सक्ने व्यवस्था गरिनुपर्ने बताए। विदेश जानेहरूलाई बैंकले ऋण दिनुपर्ने उनको भनाइ छ।

नबिल बैंकले प्रवासबाट फर्किएका नेपालीका लागि लक्षित गरी यो कर्जा कार्यक्रम ल्याएको हो। विदेशबाट सीप दक्षता र पुँजी लिएर फर्किएका व्यक्ति तथा उनीहरुको परिवारलक्षित कर्जा योजना ल्याइएको नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुङ्गानाले बताए। आयमूलक व्यवसाय र उद्यम सुरु वा विस्तार गर्न यो कर्जा कार्यक्रमले सघाउने विश्वास उनले व्यक्त गरे। सस्तो ब्याजदर, न्यून सेवा शुल्क तथा परियोजनालाई नै धितो राखेर कर्जा पाइने बैंकले जनाएको छ।

बैंकका अनुसार यो कर्जा योजनाअन्तर्गत आधार दरमा एक दशमलव पाँच प्रतिशतमा कर्जा उपलब्ध गराइने छ। अधिकतम रु १० करोडसम्मको कर्जासीमा तोकिएको यो योजनामा विभिन्न चारवटा श्रेणीमा कर्जा रकम विभाजन गरिएको छ। यो कर्जा कार्यक्रमअन्तर्गत रु १५ लाखसम्मको कर्जा, रु १५ लाखदेखि एक करोडसम्म, रु एक करोडदेखि रु पाँच करोड र रु पाँच करोडदेखि रु १० करोडसम्मको कर्जा रकम तोकिएको छ। यस्तो प्रकारको कर्जाको अवधि १० वर्षको रहने पनि बैंकले जनाएको छ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| वृष | : प्रतिभा सम्पन्नता। |
| मिथुन | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवारिक सुख। |
| सिंह | : धन वृद्धि सञ्चय। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : सुख समृद्धि हुने। |
| वृश्चिक | : भ्रमण अवसर हुने। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : नयाँ कार्य हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |


बिहीबार राष्ट्रियसभा सदस्यको निर्वाचनमा अन्य (खुला) समूहबाट निर्वाचत आनन्दप्रसाद ढुङ्गानालाई बधाई दिँदै नेपाली काँग्रेसका सहमहामन्त्री महेन्द्र यादव। *तस्बिर : रासस*

# सिँचाइ आयोजना अलपत्र

**टुडे समाचारदाता**

सर्लाही । मुआब्जाको विवादले सर्लाहीस्थित मदनपुर-गुलेरिया सिँचाइ आयोजना अलपत्र बनेको छ। आयोजनाको ठेक्काको म्याद सकिन २ महिना बाँकी रहँदा काम सुरु नै हुनसकेको छैन।

ढंङ्गा खोलाबाट किसानको खेतमा पानी पुऱ्याउने उद्देश्यले ठेक्का सम्झौता भएको मदनपुर-गुलेरिया सिँचाइ आयोजना मुआब्जाको विवादमा अल्झिएको छ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय मलंगवाले जग्गा अधिग्रहण नै नगरी आयोजनाको ठेक्का लगाएपछि स्थानीयले विवाद खडा गरेका छन् । जसको असर आयोजनामा परेको छ।

कविलासी नगरपालिकाको एउटा वडा, चक्रघट्टा र कौडेना गाउँपालिकाको साढे ५ सय हेक्टरमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्यसहित सिँचाइ डिभिजन कार्यालय मलंगवाले ०७८ चैत २१ गते ९ करोड ७२ लाख ४० हजार ९ सय ५२ रुपैयाँमा आशिष/पृथ्वी/योगेश्वर जेभीसँग ठेक्का सम्झौता गरेको थियो।

दुई वर्षको म्याद राखिएको आयोजनाको ठेक्का सम्झौता अवधि आउँदो चैत २० गते सकिँदैछ। यसअवधिमा कार्यालयले लामो समयसम्म डिजाइन उपलब्ध गराउन नसक्दा तथा अहिलेसम्म साइट क्लियर गराउन नसकेर ठेकेदारले काम सुरु गर्न पाएको छैन् । आयोजना स्थलमा डेढ वर्षदेखि ठेकेदार कम्पनी स्काभेटरलगायतका सामग्री झारेर बसिरहेको छ।

ठेकेदार कम्पनीका प्रतिनिधि केशव दाहालले सिँचाइ आयोजना बनाउनका लागि स्काभेटरसहित अन्य सामान निर्माणस्थलमा राखे पनि स्थानीयको विरोधका कारण काम गर्न नसकिएको जानकारी दिए । उनका अनुसार सामग्री रेखदेखका लागि दुई जना पाले राखिएको छ । उनीहरु रातदिन रुङेर बसिरहेका छन् । दाहालले कार्यालयको कमजोरीका कारण आयोजनाको म्याद समाप्त हुनलाग्दा समेत काम प्रारम्भ हुन नसकेको बताए । 'कार्यालयले म्याद समाप्त हुन लाग्दा समेत साइट उपलब्ध गराउन सकेको छैन,' उनले भने।

आयोजनाको काम अघि बढ्न नसक्दा किसान मारमा परेका छन्। उनीहरुले यो समस्या समाधानका लागि सम्बद्ध पक्षसँग आग्रह गरिरहेका छन् । मदनपुरका किसान तुलसी रायले सिँचाइ सुविधा नहुँदा यसक्षेत्रका किसानले आकाशे पानीको भरमा खेती गर्नुपरेको गुनासो पोखे । उनले सिँचाइको उचित व्यवस्थापन हुन नसक्दा पम्पिङ सेटबाट सिंचित गर्न धेरै खर्चिलो रहेको सुनाए । 'सिँचाइ सुविधा नहुँदा हामीलाई निकै कष्ट छ, आकाशे पानीको भर पर्नुपर्छ,' उनले भने, 'कतिपय किसानले पम्पिङ सेट चलाएर खेती गर्छन्, यसले किसानलाई फाइदा पुग्दैन, खर्चिलो हुन्छ।'

जलस्रोत सिँचाइ डिभिजन कार्यालय मलंगवाका सिनियर अधिकृत लक्ष्मण ठाकुरले जग्गाधनीको अवरोधका कारण आयोजनाको काम सुरु हुन नसकेको बताए। 'आयोजना सर्भेका बेला जग्गा दिने सहमति अनुसार ठेक्काको काम अघि बढेको थियो, तर ठेक्का लागिसकेपछि जग्गाधनीहरुले दिन मानेनन्, जसले काम सुरु हुन सकेको छैन,' ठाकुरले भने, 'यो समस्या समाधानकालागि कार्यालयबाट पहल भइरहेको छ।'

यता कविलासी नगरपालिका प्रमुख ब्रह्मदेव रायले आयोजना कार्यालयले मुआब्जा नदिएकै कारण काममा अवरोध भइरहेको बताए । उनले सिँचाइ डिभिजनको लापरबाहीले काम हुन नसकेको बताए । 'कुनै पनि अयोजनाको ठेक्का लगाउनु भन्दा अघि जग्गा अधिग्रहण गर्नुपर्छ, तर डिभिजन कार्यालयले त्यो नगरी ठेक्का लगाइदियो, जसले यो समस्या निम्तिएको छ,' उनले भने, 'स्थानीय किसानलाई डुबानको समस्या पनि उत्तिकै छ, यो हचुवामा आयोजना बनाई गरिएको ठेक्काका कारण समस्यै समस्या आएको छ।'



# छ महिनामा ८८ को मृत्यु

**टुडे समाचारदाता**

काठमाण्डु । गत पुस २८ गते काठमाडौँको चन्द्रागिरि नगरपालिका-४ पानीघाट नजिक हिमचुली सेतो पहरानजिक कार दुर्घटना हुँदा एकै परिवारका पाँच जनाले ज्यान गुमाए । प्रदेश ३-०१-२३ च ६९८५ नम्बरको कार दुर्घटना हुँदा काठमाडौँको लाजिम्पाट बस्ने वरिष्ठ चिकित्सक महेशकुमार गौतम, उनका ससुरा ओमकारनिधि तिवारी, सासू कल्पना तिवारी, छोरा प्रियान्स गौतम र छोरी स्मारिका गौतमको ज्यान गयो।




बाटोको दूरावस्था र घुम्तीका कारण उक्त दुर्घटना भएको जनाइएको छ । लामो समयदेखि काठमाडौँबाट मकवानपुरको चित्लाङ जाने बाटो भए पनि अहिलेसम्म उक्त बाटो कालोपत्रे हुन सकेको छैन। यस्तै, गत वर्ष फागुन २४ गते साँझ काठमाडौँको शंखरापुर नगरपालिका साँखुस्थित इन्द्रायणीमा भएको सवारी दुर्घटनामा ५० वर्षीय सञ्चारकर्मी पवनलाल श्रेष्ठको ज्यान गयो।

साँखु-जोरपाटी सडकखण्डमा साँखुबाट बह्मखेल जाँदै गरेको बा५ख २४१४ नम्बरको टिपरले सञ्चारकर्मी श्रेष्ठले चलाएको बा९४प ४४९८ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा श्रेष्ठको मृत्यु भएको हो । उनी राष्ट्रिय समाचार समिति (रासस)का पूर्वसमाचारदातासमेत थिए।

सोही दिन सोही टिपरको ठक्करबाट साँखुका २२ वर्षीय हरि खड्काको समेत ज्यान गयो। खड्काले चलाएको बा८२प ८३५७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा उनको मृत्यु भएको हो । माथि उल्लेखित घटना प्रतिनिधिमूलक घटनामात्र हुन्। पछिल्लो समय काठमाडौँ उपत्यकाभित्र सवारी दुर्घटनाका कारण बर्सेनि सयौँ व्यक्तिले अकालमा ज्यान गुमाउँदै आएका छन् । आफूले ठीक ढङ्गबाट सवारी साधन चलाउँदा चलाउँदै पनि अर्को सवारी साधनका कारण अकालमा ज्यान गुमाउनुपरेको इतिहास छ। यस्तै, जथाभावी सवारी साधन चलाउनु र बाटो काट्नुले पनि सवारी दुर्घटना बढेको पाइन्छ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार चालु आर्थिक वर्षको पुस मसान्तसम्म पाँच हजार आठ सय ६५ सवारी दुर्घटना हुँदा ८८ जनाले अकालमै ज्यान गुमाउनुपरेको छ। यस्तै, एक सय ४८ जना गम्भीर घाइते भएका छन् भने चार हजार चार सय ३८ जना सामान्य घाइते भएका छन्।

काठमाडौँ उपत्यकामा सवारी साधन दुर्घटनाको अवस्था कहालीलाग्दो छ। काठमाडौँ उपत्यकामा सवारी साधन दुर्घटनामा परी मृत्यु हुनेमा मोटरसाइकल चालक र पैदलयात्रु बढी छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष पुन्यप्रसाद (सरोज) सिटौला काठमाडौँ उपत्यकाभित्र जथभावी ढङ्गले दुईपाङ्गे सवारीसाधन चलाउँदा बढी दुर्घटना हुने गरेको बताउछन् । "उपत्यकाभित्र मोटरसाइकल तथा स्कुटर जथाभावी कुँदाउने र पैदलयात्रुले पनि जथाभावी ढङ्गले बाटो काट्दा बढी दुर्घटना भएको देखिन्छ", उनी भन्छन्।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्ट उपत्यकाभित्र हुने सवारी साधन दुर्घटनालाई कम गर्न ट्राफिक प्रहरीले विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको बताउछन् । "दुर्घटनालाई कम गर्न मादक पदार्थ सेवन (मापसे) जाँचमा कडाइ, तीव्र गतिलाई नियन्त्रण गर्न प्रतिघण्टा ५० किलोमिटरभन्दा बढीको गतीमा सवारी साधन चलाउन नपाइने नियम, सवारी साधनको स्थिति जाँच, लामो दूरीका सवारी साधनमा दुई चालक छन् या छैनलगायत विषयलाई विशेष निगरानी गर्दै आएका छौँ", उनी भन्छन् । साँघुरो बाटोमा तीव्र गतीमा सवारी चलाउँदा दुर्घटना हुने गरेको प्रवक्ता भट्टको भनाइ छ।

ट्राफिक प्रहरीले चालु आवमा विभिन्न कसुरमा चार लाख ५० हजार सात सय २ ९ सवारी साधनलाई कारबाही गरेको छ। जसमध्ये मादक पदार्थ सेवन गरी सवारी चलाउने १८ हजार छ सय २७ चालकलाई कारबाही गरेको छ। यस्तै, लेन अनुशासनमा २९ हजार चार सय दुई, तीव्रगतिमा ६१ हजार आठ सय ४३, रातो बत्तीमा १३ हजार तीन सय सात, फुटपाथ सडक पार्किङमा ५९ हजार आठ सय ५७, बढी भाडामा दुई सय १४, नो हर्नमा छ हजार दुई सय ७०, ओभरलोडमा तीन हजार तीन सय ३७ सवारी साधनलाई कारबाही गरेको छ।

मुलुकभर सवारी दुर्घटना बढेपछि सरकारले यातायात क्षेत्रको समग्र अवस्थाबारे अध्ययन गर्न नेपाल सरकारका पूर्वसचिव शरदचन्द्र पौडेलको संयोजकत्वमा 'यातायात सुधार सुझाव कार्यदल' निर्माण गरेको थियो।

उक्त कार्यदलले झण्डै एक वर्ष लगाएर मुलुकको यातायात क्षेत्रको समग्र अवस्थाबारे अध्ययन गरेर सरकारलाई सुझाव हस्तान्तरण समेत गरिसकेको छ। उक्त कार्यदलको प्रतिवेदनअनुसार सडक यातायात दुर्घटनाको प्रमुख जोखिम क्षेत्र नै हो। नेपालमा प्रत्येक वर्ष करिब तीन हजार सर्वसाधारणको सवारी दुर्घटनामा परी ज्यान जाने गरको प्रतिवेदनले औँल्याएको छ।

प्रत्येक दिन नेपालमा औषत आठ जनाको मुत्यु दुर्घटनाबाट भएको प्रतिवेदनमा उल्लेख छ। सडक दुर्घटनामा सबैभन्दा बढी कम उमेर समूह १५ देखि २९ वर्षसम्मका सर्वसाधारणको ज्यान जाने गरेको तथ्य पनि प्रतिवेदनमा छ । दुर्घटनामा संलग्न सवारी साधनमा मोटरसाइकलको हिस्सा सवैभन्दा धेरै ५० दशमलव ७२ प्रतिशत छ।

दुर्घटनावाट मृत्यु हुनेमा युवा समूह बढी रहेको उक्त तथ्याङ्कले पुष्टि गरेको छ । नेपालमा बर्सेनि सडक दुर्घटनामा परी घाइते हुनेको संख्या ११ हजारभन्दा बढी रहेको छ । उक्त संख्या प्रत्येक वर्ष वृद्धि भइरहेको प्रतिवेदनले औँल्याइएको छ । काठमाडौँ महानगरपालिकाका यातायात विज्ञ जगतमान श्रेष्ठ ९० प्रतिशतभन्दा बढी दुर्घटना मानवीय कारणले हुने गरेको बताउछन् । "चालक, पैदलयात्रु र यात्रुका कारण धेरै दुर्घटना हुने गरेका छन्", उनी भन्छन्।

काठमाडौँ उपत्यकामा भने साँघुरो बाटो र तीव्र गतिका कारण बढी दुर्घटना हुने गरेको उनको भनाइ छ । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट काठमाडौँ उपत्यकाभित्र (काठमाडौँ, भक्तपुर र ललितपुर) को सवारी व्यवस्थापनका लागि प्रहरी नायव महानिरीक्षक (डिआइजी)को नेतृत्वमा एक हजार आठ सय ट्राफिक प्रहरी परिचालित छन् । हाल देशभर ४० लाखभन्दा बढी सवारी साधन सञ्चालनमा छन् । तीमध्ये काठमाडौँ उपत्यकामा मात्र झण्डै १८ देखि २० लाख सवारी साधन सञ्चालनमा रहेको तथ्याङ्क छ।

# दादुरा-रुवेला विरुद्धको खोप फागुनदेखि

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले आगामी फागुन दोस्रो सातादेखि देशभरि दादुरा-रुवेला विरुद्धको खोप अभियान सञ्चालन गर्ने भएको छ । दादुरा-रुवेला सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै फागुन १३ देखि चैत ७ गतेसम्म करिव ५७ लाख बालबालिकालाई खोप लगाउने लक्ष्य छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नौ महिनादेखि १५ वर्षमुनिका सबै बालबालिकालाई दादुरा-रुवेला विरुद्धको खोप दिन लागेको हो। स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमका अनुसार भारतसँग सीमा जोडिएका दादुरा-रुवेलाबाट अति सङ्क्रमित २१ जिल्ला तथा काठमाडौँ उपत्यकाका काठमाडौँ, भक्तपुर र ललितपुरका सबै बालबालिकालाई उक्त खोप लगाइने छ।

"बाँकी ५१ जिल्लाका बालबालिकालाई पनि खोप अभियानमा सहभागि गराइने छ", प्रमुख डा गौतमले भने। जाजरकोट र रुकुम पश्चिममा भने यसअघि नै खोप अभियान सञ्चालन गरिएको थियो । फागुन १३ देखि चैत ७ गतेसम्म खोप अभियानका क्रममा नियमित छुटेका खोप पनि बालबालिकालाई लगाइने उनले बताए । परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले सरकारले सन् २०२६ सम्म दादुरा-रुवेला निवारण गर्ने लक्ष्यका साथ खोप अभियान सञ्चालन गर्न लागिएको बताए।

दादुरा-रुवेला सवभन्दा बढी सङ्क्रामक रोग हो। एक व्यक्तिले १८ जनासम्म यो रोग सार्न सक्दछ। "दादुरा-रुवेला बढी सङ्क्रामक हुन्छ", खोप शाखा प्रमुख डा गौतमले भने, "त्यसैले यस वर्ष देशभरी नै खोप अभियान सञ्चालन गर्न थालेका छौँ।"


## पेट्रोलियम डिलर्स एशोसीएसन जनकपुरधाम

### सूचना

यस पेट्रोलियम डिलर्स एशोसिएसनको कार्यसमितिको निर्णय अनुसार कार्यसमितिको पदाधिकारी तथा सदस्यज्यूहरुको निर्वाचन मिति २०८० साल १० महिना २७ गत्ते शनिबारका दिन हुने भएकोले यस संस्थामा आवद्ध सम्पूर्ण साधारण सदस्यज्यूहरुलाई जानकारीका लागि यो सूचना प्रकासित गरिएको व्यहोरा अनुरोध छ। साथै २०८१ साल असार मसान्तसम्मको सदस्यता नविकरण मिति २०८० साल १० महिना २० गत्तेसम्म गराइसक्नुपर्ने छ । नविकरण नभएको सदस्यज्यूहरुले निर्वाचन प्रक्रियामा भाग लिन पाउने छैन्।

**शत्रुध्न यादव**
**महासचिव**

## समाचारदाता चाहियो

**रौतहट जिल्लालाई केन्द्र बनाएर क्रियासिल पत्रकार जनकपुर टुडे राष्ट्रिय दैनिकका लागि आवश्यक भएकाले वायोडाटा सहित मिति २०८०/१०/२२ गते सम्म तलको इमेलमा आवेदन पठाउन आव्हान गरिन्छ।**

**इमेल : jtodaynews@gmail.com**

नेपाल एसबिआई बैंक लिमिटेड
**NEPAL SBI BANK LTD.**
कमलादी, काठमाडौँ, नेपाल, फोन नं.: ०१-५९७०३३३

## सवारी साधनको लिलामबिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/१०/१२


यस बैंकको स्वामित्वमा रहेको तपसिलमा उल्लेखित सवारी साधन जेजस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था वा फर्म कम्पनीहरुले यस बैंकको प्रधान कार्यालय स्थित सामान्य सेवा विभाग वा जनकपुर शाखा कार्यालयमा सम्पर्क गरी प्रति बोलपत्र फारम रु. १,०००।०० (रुपैंया एक हजार मात्र) (फिर्ता नहुने गरी) तिरी तपसिलमा तोकिएको शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र प्रस्ताव बैंकको प्रधान कार्यालय स्थित सामान्य सेवा विभाग वा जनकपुर शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ। लिलाम बिक्री हुने सवारी साधनको विवरण निम्न अनुसार छ।

| सवारीको किसिम | सवारी रहेका स्थान | बनेको साल | दर्ता नं. |
|---|---|---|---|
| Tata Victa GX Ba 7 Cha 1033 | जनकपुर शाखा कार्यालय, जनकपुर | २००९ | बा ७ च १०३३ |

**शर्तहरू :**

१. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म तथा संस्थाको हकमा त्यस्तो फर्म वा संस्थाको दर्ता प्रमाणपत्र र गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि फारम दस्तुर वापतको नगदै रकम (फिर्ता नहुने गरी) बोलपत्र फारम यस बैंकको प्रधान कार्यालय स्थित सामान्य सेवा विभाग वा जनकपुर शाखा कार्यालयमा बुझाई खरिद गर्नुपर्नेछ।
२. बैंकबाट खरिद गरेको बोलपत्र फारममा सकार गर्न चाहेको सवारी साधनको विवरण, आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी शिलबन्दी गरी दाखिल गर्नु पर्नेछ। फोटोकपी गरी पेश गरेको बोलपत्र मान्य हुनेछैन।
३. बोलपत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। सच्याइएको वा केरमेट गरेको हकमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ। अंक र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिइनेछ।
४. बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी रकम यस बैंकको नाममा GOOD FOR PAYMENT CHEQUE अथवा "क" वर्गको वाणिज्य बैंकद्वारा यस बैंकको नाममा जारी गरिएको BANKERS CHEQUE/MANAGERS CHEQUE बैंकको प्रधान कार्यालय स्थित सामान्य सेवा विभाग वा जनकपुर शाखामा बोलपत्रका साथ शिलबन्दी गरी पेश गर्नुपर्नेछ। अस्वीकृत बोलपत्रको धरौटी रकम सम्बन्धित सवारी साधनको बोलपत्र स्विकृत भई सम्बन्धित बोलपत्रदाताले सकार गरी निजको नाममा सवारी साधन नामसारी भए पश्चात फिर्ता गरिनेछ।
५. यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा (सो दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) बोलपत्र पेश गरी दर्ता गराई सक्नुपर्नेछ। प्राप्त बोलपत्र मिति २०८०/११/०३ मा दिउँसो १:०० बजे बैंकको प्रधान कार्यालय स्थित सामान्य सेवा विभागमा बोलपत्रदाता र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। निर्धारित समयमा बोलपत्रदाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि उक्त बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्रहरु खोलिनेछन्।
६. बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र आफुले कबोल गरेको सम्पुर्ण रकम बुझाई सक्नुपर्नेछ र तत्पश्चात सवारी साधन आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। सकार गरी लिँदा लाग्ने सम्पूर्ण सरकारी दैदस्तुर, कर, शुल्क बोलपत्रवालाले आफै व्यहोर्नु पर्नेछ।
७. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्र स्वीकृत/अस्वीकृत बारे बैंकबाट टुङ्गो नलागे सम्म बोलपत्रदाताले आफुले कबोल गरेको रकम इन्कार गर्न पाउने छैन। इन्कार गरेमा धरौटी रकम स्वतःजफत हुनेछ।
८. यस सम्बन्धि थप जानकारीको लागि बैंकको प्रधान कार्यालय स्थित सामान्य सेवा विभाग वा जनकपुर शाखा कार्यालयमा फोन नम्बर ०४१५९०२६० मा सम्पर्क गर्न सकिनेछ। साथै सवारी साधन हेर्न चाहेमा यस बैंकको जनकपुर शाखा कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न तथा हेर्न सकिनेछ। लिलाम भएको सवारी साधन जनकपुर शाखाबाटै हस्तान्तरण हुनेछ।
९. बोलपत्र स्वीकृत तथा अस्वीकृत गर्ने सर्वाधिकार यस बैंकमा सुरक्षित रहने छ।

**सामान्य सेवा विभाग**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# ओझेलमा गज्जु बाबु

नेपालमा मधेश र मधेशीका लागि सशक्त रुपमा आवाज उठाउने गजेन्द्रनारायण सिंह (गज्जु बाबु)लाई नै मानिन्छ । हुन त देशमा प्रजातन्त्रका लागि आन्दोलन सुरु भएसँगै मधेशको विषय पनि उठेको थियो । भद्रकाली मिश्र लगायतका तत्कालीन आन्दोलनकारीहरुले मधेशको अधिकारका लागि कांग्रेस पार्टीमा आवाज उठाएका थिए । उनले पछि तराई राष्ट्रिय कांग्रेस पार्टीको स्थापना पनि गरेका थिए । तर त्यस बखत त्यो धेरै प्रभावकारी हुन सकेन् । यद्यपि त्यसको प्रभाव २०१५ सालको सरकारमा परेको देखिन्छ । देशमा प्रजातन्त्र समाप्त भएसँगै मधेशको विषय पनि सेलाएको थियो । तर प्रजातान्त्रिक आन्दोलनमा मधेशी नेता र समुदायले गरेको योगदानलाई स्थापित गराई समानताको अधिकार दिलाउन मधेशका नेताहरुले हरेक समयमा आवाज उठाएका हुन् । २०४६ सालको जनआन्दोलन सफल हुनुमा मधेशको अहम् भूमिका थियो । भारी संख्यामा मधेशी सपुतहरुले बलिदानी दिए । मधेशको बलिदानीपछि मूल्यांकन भने भएन् । त्यस बखत सद्भावना पार्टीका संस्थापक गज्जु बाबुले मधेश र मधेशीको अधिकारका लागि सशक्त रुपमा अगाडि बढे । प्रारम्भमा उनले मधेशीबाट अपेक्षित साथ पाएनन् । तैपनि उनी हिम्मत हारेनन् । मधेशका लागि काठमाण्डुको सडकमा धोती लगाएर अपमानित हुँदै लडिरहे । पछि मधेशीहरुले पीडा बुझ्न थाले । गज्जु बाबुको साथमा रहेर केही मधेशी नेताहरुले धोती, भैया जस्ता शब्दहरुले अपमानित भएको महसुस गरे । राज्यबाट भइरहेको बिभेदबारे मधेशीलाई जागरुक बनाउन धेरै हदसम्म गज्जु बाबु सफल पनि भए । राजधानीका चोकहरुमा मधेशको चर्चा खुल्ला रुपमा हुन थाले । मधेशीहरु एकजुट भएर विभेदविरुद्ध लड्नु पर्ने आवश्यकता महसुस गर्न थाले । देशमा भारतीय अभिनेता ऋतिक रोशनको प्रकरणमा मधेशीहरुमाथि हिंसात्मक प्रहार हुन थाले । त्यस बखत काठमाण्डुमा गज्जु बाबुले धोतीसहित प्रदर्शन गरे । उनको त्यो प्रदर्शनले ऋतिक रोशन प्रकरण शान्त भयो । काठमाण्डुमा गज्जु बाबुको नेतृत्वमा मधेशीले गरेको प्रदर्शनले विद्रोहको सशक्त सन्देश प्रवाहित भयो । गजेन्द्र नारायण सिंहले मधेश र मधेशीका लागि खोलेको बाटोलाई नै उपेन्द्र यादवको नेतृत्वमा भएको आन्दोलन सफल भयो । यादव नेतृत्वको आन्दोलनले सफलता पायो । तर त्यसको वास्तविक सूत्रधार गज्जु बाबुलाई नै मान्नु पर्छ । थोरै भए पनि मधेशीले अधिकार पाएका छन् । पहिचान र सम्मान पाएका छन् । तर गज्जु बाबु ओझेलमा परेका छन् । गज्जु बाबुको योगदानलाई बिर्सिएको छ । गज्जु बाबुको प्रेरणाबाट राजनीतिमा उदाएकाहरुसमेत उनलाई बिर्सेका छन् । मधेशका पथ प्रदर्शक गज्जु बाबुप्रति हार्दिक श्रद्धाञ्जली ।

# तपाईं कार्यकर्ता, जनता कि नागरिक ?



लालबहादुर बोहरा

केही दिन अगाडि विदेशीमूलकी एकजना शिक्षकसँग साक्षात्कार गर्ने अवसर पाएँ। हामी दुवैजना शिक्षक भएर होला, हाम्रो कुराकानीको विषयवस्तु पनि बढी शिक्षण पेशासँगै सम्बन्धित थियो। कुराकानीकै क्रममा मैले उनीसँग त्यहाँका शिक्षकहरू राजनीतिक दलसँग कत्तिको आबद्ध हुन्छन् भनेर सोधेँ।

उनले अचम्म मान्दै भनिन्, 'शिक्षक ? दलसँग आवद्ध ? दलीय शिक्षक ? नाइँ नाइँ, त्यसो त कल्पना समेत गर्न सकिदैन।'

मेरो सवालमा उनी अत्यन्त जिज्ञासु हुँदै हाम्रो यथार्थ बारे बुझ्न खोजिन्। जवाफमा मैले भनें, ' हामीकहाँ त राजनीतिक दल विशेषकै शिक्षक संघ/संगठनहरू छन् र प्रायः सबै शिक्षकहरू पनि त्यसरी नै खुल्लमखुला आबद्ध हुने व्यवस्था छ'

त्यसपछि त उनी थप चकित मात्र होइन, हाम्रो शिक्षा प्रणालीप्रति चिन्तित भइन्। २१औं शताब्दीमा पनि यो के सुन्नु परेको भन्दै खिन्नता व्यक्त गरिन्।

तर, दलीय दलदलको संस्कारमा चुर्लुम्म डुबेका हाम्रा लागि भने उनको त्यो चिन्ता त्यति महत्त्वको रहेन। मैले पनि यहाँ यस्तै छ भन्दै प्रसङ्गलाई बिट मार्ने प्रयास गरें।

प्रसङ्ग हामीकहाँ शिक्षकको मात्र हैन प्राध्यापक, राष्ट्रसेवक कर्मचारी, कानुनविद्, पत्रकार लगायत क्षेत्रमा पनि यो वा त्यो रूपमा दलीयकरण छ। हरेकमा दलविशेषका संघ/संगठनहरू छन्। तत्-ततमा आबद्ध हुन वा गराउनका लागि तँछाडमछाड देखिन्छ।

ती संघ/संगठनहरूले माउ पार्टीका भ्रातृ तथा भगिनी अंगहरू झैं दलीय व्यवहार, विचार आदिको भरणपोषण गर्ने गर्दछन्। आखिर हामीकहाँ मुख्यगरी बौद्धिक कहलिने तिनै प्राध्यापक, शिक्षक, कर्मचारी, पत्रकार, कानुनविद् आदिका साथै चिन्तक, विश्लेषक, विषयविज्ञ आदि त हुन्। थप त्यसमा भूतपूर्व भइसकेका तिनकै अगुवाहरू पनि।

समग्रमा भन्दा हाम्रो बौद्धिक समुदाय प्रत्यक्ष रूपमा दलीय राजनीतिको दलदलमा लीन छ। यो लेख मार्फत मैले बौद्धिकताको अन्तर्य, विश्वदुनियाँको अभ्यास र हाम्रो यथार्थताका बारेमा चित्रण गर्ने प्रयास गरेको छु।

अंग्रेजी शब्दकोशका अनुसार बौद्धिक समुदाय त्यो हो जसले अध्ययन, अनुसन्धान, लेखन तथा अनुभवका आधारमा नयाँ ज्ञानको सिर्जना; समालोचनात्मक चेतसहित त्यसको प्रसारण र सामाजिक मूल्यमान्यताको अगुवाइ गर्ने गर्दछ। बौद्धिक समुदायको यही यथार्थतालाई आधार मानेर हेर्ने हो भने त्यसमा आबद्ध व्यक्तिहरू कुनै पनि राज्यका अगुवा नागरिक हुन्।

मानवीय चेतनाका मुख्य स्रोत हुन्। संस्कारयुक्त बोलीचाली, व्यवहार, जीवनशैली आदि सहितको सामाजिक मूल्य-मान्यताका परिचायक हुन्। ज्ञान-विज्ञानको खोज तथा अनुसन्धान गरी उत्पादन, प्रसारण र संरक्षण गर्ने संवाहक हुन्। कुनै पनि देशको राजनीति र राज्यव्यवस्थालाई दिशानिर्देशसहित गन्तव्यउन्मुख गराउने मूल साधक हुन् आदित्यादि'।

बौद्धिक समुदाय राज्यको साझा सम्पत्ति हो। यसलाई दलविशेषको सीमाभित्र राखेर नजरबन्द गरि नुहुँदैन। त्यसो गर्दा राज्यको दायरा स्वयंमा संकुचित हुनगई नवीनतम ज्ञान-विज्ञानको खोज-अनुसन्धान, ज्ञानको उत्पादन तथा प्रसारणमा समेत प्रतिकूल असर पर्ने हुन्छ

बौद्धिकताको यही र यस्तै मर्मलाई बुझेर होला विकसित मुलुकहरू बौद्धिक र बौद्धिकताको संरक्षणमा छन्। राज्यनिहित सीमाभित्रकैले नपुगेर विश्वभरिबाट आकर्षक नोकरी, बसाइसराइको सहजता, आदिका मार्फत भित्र्याउने ध्याउन्नमा छन्। राज्यले बौद्धिक समुदायलाई दलविशेषमा विभक्त गराउने भन्दा उनीहरूको स्वतन्त्र विकास, समृद्धि र प्रस्फुटनमा उत्प्रेरित गराउने नीति लिएको हुन्छ। उनीहरूको कार्यदक्षता, पेशागत उन्नति तथा बौद्धिक विकासका लागि राज्यले नै विभिन्न खालका वृत्ति मार्फत देश र विदेशमा अध्ययन तथा अनुसन्धानका लागि पठाउने गर्दछन्।

> बौद्धिक समुदाय राज्यको साझा सम्पति हो। यसलाई दलविशेषको सीमाभित्र राखेर नजरबन्द गरिनुहुँदैन। त्यसो गर्दा राज्यको दायरा स्वयंमा संकुचित हुनगई नवीनतम ज्ञान-विज्ञानको खोज-अनुसन्धान, ज्ञानको उत्पादन तथा प्रसारणमा समेत प्रतिकूल असर पर्ने हुन्छ। सम्भव भएसम्म यसलाई अन्तर्राष्ट्रिय जगतमा झैं राजनीतिक दलहरु भन्दा पृथक् तर सापेक्षित नजरबाट व्यवहार गरिनुपर्दछ।

संस्कृतमा एउटा भनाइ नै छ, 'स्वदेशे पूज्यते राजा, विद्वान् सर्वत्र पूज्यते।' त्यसैले होला, बौद्धिकताका मार्फत राज्यलाई अतुलनीय योगदान पुऱ्याएबापत बौद्धिकहरूलाई निष्पक्ष तवरले राष्ट्रिय तथा अन्तर र्राष्ट्रियस्तरमा विभूषित समेत गरिन्छ।

अठारौं शताब्दीताका संयुक्त अधिराज्यमा जन्मेका आदम स्मिथ 'द वेल्थ अफ नेसन' मार्फत विश्व चर्चामा रहे र छन् पनि। पूँजीवादी अर्थतन्त्रको आधारशिला तय गरेका स्मिथ न आफू राजनीतिमा संलग्न भए न त त्यहाँका कुनै राजनीतिक दलहरूले उनलाई आफ्नो समर्थकको बिल्ला भिराए। त्यसरी नै बीसौं शताब्दीमा बीसको दशकको अन्ततिर अमेरिकामा जन्मेका नोमचोम्स्की, जसलाई आधुनिक भाषा विज्ञानका पिता, राजनीतिक समालोचक तथा चिन्तकका रूपमा परिचित छन्, उनले समेत आजीवन न कुनै राजनीतिक दलसँगको आवद्धताका बारेमा सोचे न त कुनै राजनीतिक दलले नै। तथापि, यी दुवै व्यक्तिहरूलाई त्यहाँका राज्यहरूदेखि राजनीतिक दलहरूले लाखापाखा गरेनन्, बरु उच्चसम्मानका साथ तिनको विचार मार्फत आर्थिक, भाषिक तथा राजनीतिक नीतिहरू तय गर्दै आएका छन्।

यी त केवल प्रतिनिधि उदाहरण मात्र हुन्। विकसित देशहरूमा बौद्धिक समुदायले आफूलाई दलीय कार्यकर्ता तथा जनता भन्दा राज्यका सम्मानित नागरिकका रूपमा परिचित गराउँछन्। राज्य तथा राजनीतिक दलहरूले पनि उनीहरूलाई दलविशेषका संघ/संगठनहरूमा विभक्त नगराई स्वतन्त्र नागरिकका रूपमा चित्रण गर्दछन्। यहाँ प्रस्तुत गरिएका तीनवटा नामहरुः कार्यकर्ता, जनता र नागरिक नितान्त फरक-फरक व्यक्तिहरूलाई इङ्गित गर्न खोजिएको छ। कार्यकर्ता कुनै पनि दलविशेषमा अन्धभक्त रूपमा आबद्ध हुन्छन्। लोकतान्त्रिक नजर वा संस्कारमा हुर्केका हरेक व्यक्तिलाई जनता मान्न सकिन्छ। तर, संस्कारयुक्त उच्चस्तरको चेतना सहित स्वतन्त्र रूपमा राज्यलाई योगदान पुऱ्याउने र राज्य तथा राजनीतिक दलहरू कर्तव्यविमुख भएका बेला सचेतनापूर्वक मार्गनिर्देशन गर्ने व्यक्तिहरू नै नागरिक हुनसक्दछन्। यहाँ नागरिकका रूपमा तिनै बौद्धिक समुदायलाई स्मरण गर्न सकिन्छ।

बौद्धिकताको सांसारिक नजरबाट हेर्दा हाम्रो बौद्धिक समुदाय दलीयकरणको दलदल सहित अदल-बदलमा लिप्त भएको आभास हुन्छ। राणा र राजाकालीन समयमा हाम्रो बौद्धिक समुदाय यो वा त्यो रूपमा उनीहरूकै गुणगानमा लाग्यो। स्वतन्त्र विचार सहित सामाजिक सुधारका पक्षमा वकालत गर्ने कतिपय बौद्धिकहरूले तत्कालीन राज्यपक्षबाट दण्डित हुनुपरेको इतिहास छ।

२०४६/४७ सालको जनआन्दोलनसँगै राज्यपक्षबाट बौद्धिक समुदायलाई हेर्ने नजरमा आमूल परिवर्तन हुने सोच गरिएको थियो। तर, हाम्रो विडम्बना; राज्यपक्ष तथा राजनीतिक दलहरूबाट त्यसभित्र जबरजस्त रूपमा दलीय राजनीति प्रवेश गराउने काम भयो। परिणामस्वरूप, हाम्रा प्राध्यापक, शिक्षक, कर्मचारी, कानुनविद्, पत्रकार, चिन्तक, विश्लेषक आदि सबै राजनीतिक दलविशेषमा विभक्त भए। नयाँ-नयाँ ज्ञान-विज्ञानको खोज-अनुसन्धान, उत्पादन, संरक्षण र प्रसारण तथा राज्य व्यवस्थालाई दिशानिर्देश गर्नमा लाग्नुपर्ने बौद्धिक समुदाय दलविशेषका विचारहरूमा लगाउने काम भइरहेको छ।

आशा छ, नेपालको बौद्धिक समुदायले समेत दलीय राजनीतिको दलदलबाट आफू टाढा रहने प्रयत्न गर्नेछ

त्यति मात्र हैन उनीहरूको स्वतन्त्र विचार र स्वतन्त्र नागरिक अधिकारलाई समेत बन्धक राख्ने काम भएको छ। प्रकारान्तरले नेपालको बौद्धिक समुदायलाई दलीय राजनीतिको चौघेराबाट बाहिर निस्कन नदिनु लोकतान्त्रिक मूल्यमान्यताको बर्खिलाप हो।

दलीय राजनीति राजकाजको साधन हो, त्यो यथार्थ हो; तर सबैथोक हैन त्यो पनि यथार्थ हो। लोकतान्त्रिक व्यवस्थामा राजनीति मार्फत सफलता प्राप्त (साध्य) गर्न त्यहाँ विद्यमान रहेको बौद्धिक जनशक्तिको उचित कदर सहित सदुपयोग नहुँदाको परिणाम हामीकहाँ जगजाहेरै छ।

सर्वत्र दलीयकरणका कारण हिजोआज न्यायालयहरूमा न्यायिक गुणस्तर, शिक्षालयहरूमा शैक्षिक गुणस्तर, सरकारी तथा गैरसरकारी कार्यालयहरूमा जनउत्तरदायी सेवाको गुणस्तर, पत्रकारितामा सूचना सम्प्रेषणको गुणस्तर आदि सबै ओरालिंदो क्रममा छन्।

परिणामस्वरूप, नेपाल प्रतिभा पलायन (ब्रेनड्रेन) र अर्थतन्त्र पलायनको अखडा बन्दै गएको छ। तथापि, राजकीय राजकाजमा लीन भएका स्थापित दल र तिनका नेताहरूलाई यसबारेमा कत्ति पनि चिन्ता र चासो लागेको देखिँदैन। आखिर लागोस् पो किन? मुठ्ठीभर कार्यकर्ताहरू जयजयकार गर्ने छँदैछन्। पुस्तौंपुस्तासम्मलाई पुग्ने सम्पत्ति जोडेकै छन्।

तर, अब जो-जसले सुरु गरे पनि नेपालमा बौद्धिकताको परिभाषा भने फेरिनै पर्दछ। त्यसका लागि प्रथमतः दलीय राजनीतिको दलदलबाट बौद्धिक समुदायलाई राज्यले अलग राख्ने प्रयास गर्नुपर्दछ। पेशागत रूपमा संचालनमा रहेका प्राध्यापक, शिक्षक, कर्मचारी, पत्रकार, कानुन व्यवसायी, विद्यार्थी, आदिका संघ-संगठनहरूको यथाशीघ्र बन्ध्याकरण गरिनुपर्दछ ताकि तिनीहरू पूर्णतया आ-आफ्नो पेशागत विकासमा लागिपरुन् र राज्यलाई आवश्यक पर्दा नयाँ विचार, सोच, ज्ञान, आदि निरपेक्ष रूपमा प्रदान गर्न सकून्।

त्यति मात्र हैन, राज्यका निकायहरूमा पदाधिकारी नियुक्त गर्दा समेत राजनीतिक विचारका आधारमा भन्दा उनीहरूको योग्यता, कार्यदक्षता, क्षमता र भावी सोचपत्र तथा कार्यदिशाका आधारमा नियुक्त गरिनुपर्दछ। यसो गर्न सके मात्र बौद्धिकताको उचित कदर सहित निष्प्रभावित हुँदै गएका राज्यका अंगहरूले पुनर्जीवन प्राप्त गर्दै नेपालमा सुशासनको प्रत्याभूति भएको मानिनेछ।

अन्त्यमा, बौद्धिक समुदाय राज्यको साझा सम्पत्ति हो। यसलाई दलविशेषको सीमाभित्र राखेर नजरबन्द गरिनुहुँदैन। त्यसो गर्दा राज्यको दायरा स्वयंमा संकुचित हुनगई नवीनतम ज्ञान-विज्ञानको खोज-अनुसन्धान, ज्ञानको उत्पादन तथा प्रसारणमा समेत प्रतिकूल असर पर्ने हुन्छ। सम्भव भएसम्म यसलाई अन्तर्राष्ट्रिय जगतमा झैं राजनीतिक दलहरू भन्दा पृथक् तर सापेक्षित नजरबाट व्यवहार गरिनुपर्दछ। आशा छ, नेपालको बौद्धिक समुदायले समेत दलीय राजनीतिको दलदलबाट आफू टाढा रहने प्रयत्न गर्नेछ।

# सहरी मोहले घट्दैछन् गाउँका विद्यालयमा विद्यार्थी

प्रकाश सिलवाल



दस वर्षअघि खचाखच विद्यार्थी भएको काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिका-९, मेच्छेपौवास्थित कुशेश्वर माध्यमिक विद्यालयमा अहिले मुस्किलले तीन सय विद्यार्थी पनि छैनन् । २०१५ सालमा स्थापित सो विद्यालयमा पहिला पहिला भौतिक पूर्वाधारको सुविधा राम्रो थिएन तर अधिकांश स्थानीयबासीले गाउँमै छोराछोरी पढाउँथे । अहिले विद्यालयको सुविधा सम्पन्न भवन छ तर विद्यार्थीको सङ्ख्या स्वात्तै घटेको छ ।

"पहिला १३/१४ सय विद्यार्थी हुँदा भुइँमा बसेर विद्यार्थीहरु पढ्थे । अहिले भवन भव्य छ, विद्यार्थी खासै छैनन् ।" तेमाल गाउँपालिका-८, भोटेपाटी निवासी सो विद्यालयका पूर्व विद्यार्थी वेनीबहादुर श्रेष्ठ भन्नुहुन्छ, "मैले २०४४/४५ मा झिँगटीको छानो भएको सानो भवनमा बसेर बढेको थिएँ । अहिले विद्यालयमा खानेपानी, शौचालय, पुस्तकालय, प्रयोगशालाजस्ता सुविधा छ तर ज्यामी काम गरेर भए पनि अभिभावकले छोराछोरीलाई काठमाडौँ वा अन्यत्र सहरका राम्रा मानिने विद्यालयमा पढाउन थालेका छन् ।"

स्थानीय विद्यालयमा तीन घन्टासम्म पैदल हिँडेर आउनुपर्ने बाध्यता भएकाले पनि विद्यार्थीहरु पढ्नकै लागि अभिभावकको साथमा सहरतिर धाउन थालेका छन् । कतिपय अभिभावकले छोराछोरी पढाउँकै लागि सहरमा डेरा लिएर बस्ने र बेलाबेलामा गाउँमा गएर खेतीपाती गर्ने गरेका छन् ।

गाउँबाट सहरमा बसाईंसराईं र गाउँमा बेरोजगारीको समस्याका कारण यहाँका अधिकांश विद्यार्थी सहरी क्षेत्रका विद्यालयमा पढ्न थालेका छन् । गाउँका विद्यालयप्रति अभिभावकको विश्वास घटेको हो त ? कुशेश्वर माविका प्रधानाध्यापक दमैसिं दोङ आफूहरुले गुणस्तर सुधारका लागि सक्दो प्रयास गरे भए पनि गाउँमा बस्ने मानिसहरुको सङ्ख्या घट्दो भएकाले विद्यार्थी न्यून हुँदै गएको बताउनुहुन्छ । दोङ प्रधानाध्यापक नियुक्त हुँदा २०७३ सालमा आउँदा सो विद्यालयमा प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म कुल एक हजार विद्यार्थी थिए, अहिले घटेर जम्मा दुई सय ७३ भएका छन् । शिक्षा सङ्कायमा पढाइ भइरहेको कक्षा ११ र १२ मा जम्मा २७ मात्रै विद्यार्थी छन् ।

सो विद्यालयका राहत र करार गरी २४ जना शिक्षक-कर्मचारी छन् । नर्स एक जना र कार्यालय सहयोगी दुई जना छन् । गाउँपालिकाले विद्यालयका मसलन्द र सामाजिक लेखा परीक्षणका लागि न्यून रकम दिने गरेको छ भने विद्यालयको मुद्धती खाताको ब्याजबाट करार शिक्षकलाई सुविधा दिँदै आएको छ । कुनै शिक्षक रिक्त भएमा विद्यालयले करारमा शिक्षक नियुक्त गर्न आन्तरिक स्रोतले धानेकाले शिक्षक अभावमा विद्यार्थीको पढाइ अवरोध हुने स्थिति छैन ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको 'नेपालमा ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण प्रतिवेदन' ले जनगणना २०६८ र २०७८ को बीचमा शहरी जनसङ्ख्या २२ दशमलव ३१ प्रतिशतबाट उल्लेख्य बढेर २७ दशमलव ०७ पुगेको देखाएको छ । त्यसैगरी शहरोन्मुख जनसङ्ख्या ३९ दशमलव १९ प्रतिशतबाट बढेर ३९ दशमलव ७५ प्रतिशत पुगेको देखिएको छ ।

सो प्रतिवेदनमा पछिल्ला १० वर्षमा ग्रामीण क्षेत्र ३८ दशमलव पाँच प्रतिशतबाट ३३ दशमलव १९ दशमलवमा प्रतिशतमा झरेको देखिन्छ । शहरोन्मुख क्षेत्र भए पनि शहरी क्षेत्र मानिएको स्थानमा अझै पनि जनसङ्ख्याको ठुलो हिस्सा रहेको देखिन्छ । ग्रामीण जनसङ्ख्या अझै पनि एक तिहाई छ जबकि प्रवृत्तिका आधारमा ग्रामीण क्षेत्रबाट शहरोन्मुख र शहरी क्षेत्रमा बसाइँसराइले जनसङ्ख्यालाई शहरी क्षेत्रमा व्यवस्थापन गर्न कठिनाइ भएको र ग्रामीण क्षेत्रमा बसाइँसराइँ कम गर्न दबाब परेको देखिएको छ । हाल नगरपालिकाको जनसङ्ख्या ६६ दशमलव १७ प्रतिशत र गाउँपालिकाको जनसङ्ख्या ३३ दशमलव ८३ प्रतिशत रहेको छ ।

कुशेश्वर मावि व्यवस्थापन समितिका अध्यक्ष डिलबहादुर थोकर समग्रमा मानिसहरुको जन्मदर कम हुनु, रोजगारी तथा अवसरका लागि अभिभावकहरु वनेपा, धुलिखेल र काठमाडौँतिरको बसाइँसराइँ र विदेश जानुले गाउँका विद्यालयमा बालबालिकाहरु कम भएको बताउनुहुन्छ । गाउँमा सोचेजस्तो गुणस्तरीय शिक्षा नभएको र राज्यले पनि यहाँका विद्यालयको सुधारका लागि उचित व्यवस्थापन नगरेकाले आफूहरुले अभिभावकलाई आश्वस्त पार्न नसकेको अध्यक्ष थोकरको भनाइ छ ।

विद्यार्थीलाई गाउँमै टिकाउन कस्ता योजना ल्याउँदै हुनुहुन्छ भन्ने प्रश्नमा अध्यक्ष थोकरले विद्यालयले आफ्नै स्रोतबाट कक्षा ८ भन्दा माथिका कक्षामा आवासीय कक्षा सञ्चालनको सोच बनाइएको बताउनुभयो । उहाँले २०८२ सालको शैक्षिक सत्रदेखि प्राविधिक धारको पढाइ र कक्षा ११ र १२ मा हालको शिक्षा विषयका अतिरिक्त विज्ञान, व्यवस्थापन र कानुनलगायतका विषय थप्ने तयारी गरिएको बताउनुभयो ।

तेमाल गाउँपालिका-५ नारायणस्थानस्थित नारायणस्थान माध्यमिक विद्यालयमा आठ वर्षअघि चार सय थिए भने हाल प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म जम्मा दुई ४० विद्यार्थी छन् । उक्त विद्यालयका प्रधानाध्यापक कालीदास दाहाल अभिभावकहरु अवसरको खोजीमा सहरकेन्द्रित हुँदा विद्यार्थी घटेको स्वीकार्नुहुन्छ । उहाँले विद्यार्थीलाई आकर्षण दिन कक्षा ११ र १२ मा सबै विषयका पाठ्यपुस्तक निःशुल्क र उच्च ग्रेडमा उत्तीर्ण भएर आउने विद्यार्थीलाई छात्रवृत्ति दिने गरिएको जनाउनुभयो ।

सोही गाउँपालिका-८, भोर्ज्याङस्थित जनज्योति माध्यमिक विद्यालयमा पनि अहिले विद्यार्थी घटेर एक सय ५९ पुगेको छ । पाँच-छ वर्षअघिसम्म यस विद्यालयमा चारसय सम्म विद्यार्थी हुन्थे । सो विद्यालयका प्रधानाध्यापक भानुभक्त मैनाली पढाइको गुणस्तर खस्किएर नभई रोजगारीको अवसरको खोजीमा अभिभावकहरु सहर जान थालेकाले गाउँमा विद्यार्थी कम भएको बताउनुहुन्छ ।

तेमालमा विपी राजमार्गको कालढुङ्गा-मेच्छेपौवाको तल्लोबाटो र भकुण्डेबैंसी-नारायणस्थन-मेच्छेपौवाको माथिल्लोबाटो कच्ची भएकाले गाउँमा विद्यार्थीहरुले विद्यालय आउन-जान धुलोमैलो र उकाली ओराली खेप्नुपर्ने हुन्छ । सवारीको असुविधा र विद्यार्थीहरु सहर जान थालेकाले यस गाउँपालिकामा एउटा वटा पनि निजी (संस्थागत) विद्यालय सञ्चालनमा छैनन् । सबै सामुदायिक (सरकारी) छन् ।

तेमाल गाउँपालिकाका प्रवक्ता इन्द्रलाल तामाङका अनुसार यहाँ हाल १० माध्यमिक विद्यालय छन्, त्यसमध्ये पाँच वटामा कक्षा ११ र १२ को पढाइ हुन्छ । यस्तै आधार भूत तहका आठ र प्राथमिक तहका २१ सामुदायिक विद्यालय छन् । यी सबै विद्यालयमा गरी तीन हजार दुई सय विद्यार्थी छन् । यसमा छात्राहरुको सङ्ख्या करिब एक सयले बढी रहेको प्रवक्ता तामाङले जानकारी दिनुभयो । गाउँपालिकामा साक्षरताको प्रतिशत भने ९५ दशमलव ९७ रहेको छ । त्यसो त गाउँपालिकाको जनसङ्ख्या पनि घट्दो छ । राष्ट्रिय जनगणना, २०७८ मा हजार १६ हजार नौ सय ५९ रहेको छ भने २०७८ सालको जनगणनामा २२ हजार सात सय १२ जनसङ्ख्या रहेको थियो ।

"अहिले दुई सन्तानको मान्यताले जन्मदर नै कम हुँदै गएको छ, अर्कातिर रोजगारीका लागि सहरी क्षेत्रमा अभिभावक केन्द्रित भएका छन् ।", गाउँमा विद्यार्थी कम भएको सम्बन्धमा प्रवक्ता तामाङ भन्नुहुन्छ, "सामुदायिक विद्यालयका शिक्षक कर्मचारीमा पनि आफूले पढाउने विद्यालयप्रति विश्वास नभएको देखिन्छ । उनीहरुका अधिकांश छोराछोरी काठमाडौँ वा अन्यत्रका राम्रा वा निजी विद्यालयमा पढाइएका छन् । छोराछोरीलाई पढाएर यस्तो बनाउँछु भन्ने चेतना भएका अभिभावकले सहरमा विद्यार्थी लगे । पढाए पनि हुन्छ, नपढाए पनि हुन्छ भन्ने सोच भएका अभिभावकले मात्रै गाउँकै विद्यालयमा पढाइरहेका छन् ।"

गाउँपालिकामा विद्यार्थी टिकाउन विशेष प्याकेजहरु अघि सारिएको र प्रयोगकै क्रममा रहेको तामाङले जानकारी दिनुभयो । काभ्रेपलाञ्चोककै नमोबुद्धमा नगरपालिकाका आवासीय विद्यालयमा गाउँपालिकाले खर्च दिएर विज्ञान विषयामा कक्षा ११ र १२ मा दुई भर्ना गराइएकामा ती विद्यार्थीले पढाइ गाहे भएकाले बीचैमा छाडेर भागेको अनुभव पनि उहाँले सुनाउनुभयो । अब शिक्षाबारे अभिभावक चेतना दिने विद्यार्थीहरु नियमित विद्यालय गए नगएको,समयमा घर फर्किए नफर्किएको जस्ता विषयमा पनि गाउँपालिकाले अनुगमन गरी अभिभावकलाई सहजीकरण गर्ने उहाँको भनाइ छ ।

गाउँपालिकाका अध्यक्ष चन्द्रबहादुर तामाङबाट प्रस्तुत चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा ' उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान' को नारासहित शिक्षालाई मानिसको आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र सीपमूलक पाठ्यक्रम विकास गरी नमुना विद्यालय विकास गर्ने योजना लिइएको छ । गाउँपालिकाले सबै विद्यालयमा विद्युतीय हाजिरी व्यवस्थापन गर्ने, विद्यालयको भौतिक पूर्वाधार, स्वास्थ्य, सरसफाइ र आधारभूत खानेपानी सेवा विस्तार गर्ने, अङ्ग्रेजी माध्यमबाट शिक्षणका लागि शिक्षक दरबन्दीमा प्रोत्साहन गर्ने पनि कार्यक्रम अघि सारेको छ । नीति तथा कार्यक्रममा शैक्षिक प्रणालीमा रुपन्तरणका लागि पाठ्यक्रमको विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन, शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय-अभिभावकबीचको सञ्चार व्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरणलगायतका क्षेत्रमा सूचना प्रणालीको प्रभावकारी उपयोग गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली लागु गर्ने उल्लेख छ ।

# राष्ट्रियसभा निर्वाचनमा ९९ प्रतिशत मतदान

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रियसभाको १९ सदस्यका लागि विहिबार भएको निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ ।

पूर्वनिर्धारित कार्यतालिकाअनुसार बिहान ९ देखि दिउँसो ३ बजेसम्ममा निर्वाचन सम्पन्न भएको हो । सातै प्रदेशमा मतगणना सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा प्रारम्भ भएको र आजै निर्वाचनको परिणाम घोषणा गर्ने कार्यक्रम रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

सातै प्रदेशमा गरी प्रदेशसभाका सदस्यतर्फ पाँच सय ४९ मतदाता रहेकामा पाँच सय ४६ ले मतदान गरी ९९ दशमलव ४५ प्रतिशत तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ एक हजार चार सय ९७ मतदाता रहेकामा एक हजार चार सय ८६ ले मतदान गरी ९९ दशमलव २७ प्रतिशत मतदान भएको छ। यसरी सबै प्रदेशतर्फ कूल मतदाता २०४६ मा दुई हजार ३२ ले मतदान गरेकाले ९९ दशमलव ३२ प्रतिशत मतदान भएको छ।

आयोगका अनुसार कोशी प्रदेशमा निर्वाचक मण्डलका सदस्यमध्ये प्रदेशसभाका सदस्यतर्फ ९३ मतदाता रहेकामा सबैले मतदान गरी शतप्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ दुई सय ७३ मतदाता रहेकामा दुई सय ७१ ले मतदान गरी ९९ दशमलव २७ प्रतिशत मतदान भएको छ। दुवै तहमा गरी कोशी प्रदेशतर्फ कूल मतदाता तीन सय ६६ मा तीन सय ६४ ले मतदान गरेकाले ९९ दशमलव ४५ प्रतिशत मतदान भएको छ।

मधेस प्रदेशमा प्रदेशसभाका सदस्यतर्फ एक सय सातजना मतदाता रहेकामा एक सय ६ ले मतदान गरी ९९ दशमलव शून्य सात प्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ दुई सय ६७ मतदाता रहेकामा सबैले मतदान गरी शतप्रतिशत मतदान भएको छ। यसरी मधेस प्रदेशतर्फ कूल मतदाता तीन सय ७४ मा तीन सय ७३ ले मतदान गरेकाले ९९ दशमलव ७३ प्रतिशत मतदान भएको छ।

बागमती प्रदेशमा प्रदेशसभाका सदस्यतर्फ एक सय १० मतदाता रहेकामा एक सय आठले मतदान गरी ९८ दशमलव १८ प्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ दुई सय ३७ मतदाता रहेकामा तीन सय ३४ ले मतदान गरी ९८ दशमलव ७३ प्रतिशत मतदान भएको छ। यसरी बागमती प्रदेशतर्फ कूल मतदाता तीन सय ४७ मा तीन सय ४२ ले मतदान गरेकाले ९८ दशमलव ५६ प्रतिशत मतदान भएको छ।

गण्डकी प्रदेशमा प्रदेशसभाका सदस्यतर्फ ६० मतदाता रहेकोमा सबैले मतदान गरी शत प्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ १७० मतदाता रहेकोमा १६९ ले मतदान गरी ९९ दशमलव ४१ प्रतिशत मतदान भएको छ। यसरी गण्डकी प्रदेशतर्फ कूल मतदाता २३० मा २२९ ले मतदान गरेकोले ९९ दशमलव ५७ प्रतिशत मतदान भएको छ।

लुम्बिनी प्रदेशमा प्रदेश सभाका सदस्यतर्फ ८७ जना मतदाता रहेकोमा सबैले मतदान गरी शत प्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ २१८ मतदाता रहेकोमा २१६ ले मतदान गरी ९९ दशमलव शुन्य आड प्रतिशत मतदान भएको छ। यसरी लुम्बिनी प्रदेशतर्फ कूल मतदाता ३०५ मा ३०३ ले मतदान गरेकोले ९९ दशमलव ३४ प्रतिशत मतदान भएको छ।


कर्णाली प्रदेशमा प्रदेशसभाका सदस्यतर्फ ४० मतदाता रहेकोमा सबैले मतदान गरी शत प्रतिशत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फ १५६ मतदाता रहेकोमा सबैले मतदान गरी शत प्रतिशत मतदान भएको छ।

# मन्त्रीहरुको क्षेत्रमा बजेट जाने प्रवृत्ति बढेको सांसद गैह्रेको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । मुलुकमा संविधान र सङ्घीयतानुकूल कतिपय महत्वपूर्ण कानुन अझै जारी हुन सकेको छैन । कानुन निर्माणको थलो सङ्घीय संसद्मा २०७९ सालको निर्वाचनपछिका अवधिमा पर्याप्त विधेयक पेस नहुँदा सांसदले चाहे जति 'बिजनेस' पाएनन् ।

यसबीचमा सरकार गठन, सरकारका नीति तथा कार्यक्रम र बजेट प्रस्तुत र पारित भए तर गठबन्धन फेरबदल तथा राजनीतिक जोडघटाउका कारण विधि निर्माणले उच्च प्राथमिकता पाएको देखिएन । नेपाल सरकार (मन्त्रिपरिषद्) को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलबाट यही माघ २२ गतेदेखि सुरु हुने गरी बुधबार आह्वान भएको सङ्घीय संसद्को हिउँदे अधिवेशनमा हाल विचाराधीनका साथै नयाँ विधेयकले ऐनको रुप लिने अपेक्षा गरिएको छ।



प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का प्रतिनिधिसभाका सदस्य ठाकुरप्रसाद गैह्रे गत एक वर्षका अवधिमा संसद्बाट अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी विधेयकबाहेक अन्य विधेयक पारित नहुनु र सरकारले सदनलाई पर्याप्त काम दिन नसकेको बताउछन् ।

हाल संसदीय समितिमा विचाराधीन विद्यालय शिक्षासम्बन्धी विधेयक, विद्युत् विकास विधेयक र केही नेपाल ऐन संशोधनसम्बन्धी विधेयकलगायतका विधेयक भने यस अवधिमा सदनमा पुगेका थिए । आशन्न अधिवेशनका लागि पनि सरकारले हालसम्म खासै नयाँ विधेयक दर्ता नगराएकाले विधेयक अधिवेशनका रुपमा लिइने हिउँदे अधिवेशनमा पनि पर्याप्त बिजनेस नदेखिएको सांसद गैह्रेको बुझाइ छ।

विद्यार्थीकालदेखि राजनीतिमा होमिएर एमाले निकट विद्यार्थी सङ्गठन अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)को अध्यक्ष हुँदै हाल सो पार्टीको पोलिटब्युरो सदस्य रहेका सांसद गैह्रे निष्कलङ्क र त्यागी युवा नेतामध्येमा पर्छन् । पाल्पा क्षेत्र नं २ बाट गत निर्वाचनमा गठबन्धनका उम्मेदवार नेकपा (एकीकृत समाजवादी) नेता सोमप्रसाद पाण्डेयलाई पराजित गर्दै विजयी भएपछि गैह्रे राष्ट्रिय राजनीतिमा थप स्थापित भए । प्रतिनिधिसभाको पूर्वाधार तथा विकास समितिका सदस्य गैह्रे सदनमा जनजीवनका समसामयिक विषयमा आवाज उठाइरहन्छन् ।

सरकारबाट नीति तथा कार्यक्रम र बजेटमाथि भएका छलफलमा आएका सुझावका आधारमा परिमार्जन हुनुको साटो 'कमा' र 'फुलिस्टप' पनि थपघट नहुनुले संसद्मा ती विषयमाथि उठाइएका सवाल निरर्थक सावित भएको टिप्पणी उनको छ । "सत्तापक्ष र प्रतिपक्षका सांसदबाट दिइएका जायज सुझाव नीति तथा कार्यक्रम र बजेटमा थपेर त्यसलाई समृद्ध तुल्याउने काम भएन । बहुमतका आधारमा तिनलाई पारित गरियो । कात्तिक मसान्तभित्र आयोजनाका बोलपत्रका प्रक्रिया पूरा नभए योजना खारेज गर्ने सरकारको प्रतिबद्धता हालसम्म लागू भएन । पुराना र सम्पन्न भएका आयोजनाको भुक्तानी पनि हुन सकेको छैन ।", नेता गैह्रेले भने, "आर्थिक वर्षको अन्त्यमा असारे विकासका दृष्य यस वर्ष पनि देखिने स्थिति छ । अर्कातिर रातो किताबमै भएका आयोजना कटौती गर्ने कार्य गरिएका छन् । यसले गर्दा सदनबाट पारित बजेटप्रति सरकार जिम्मेबार नभएको देखिन्छ । समग्रमा जनतामा आशा जगाउने र सुशासन तथा विकासमा मुलुकलाई अग्रसर बनाउने काममा उल्लेखनीय प्रगति हुन सकेको छैन ।"

सांसद गैह्रेले सदनका शून्य, आकस्मिक र विशेष समयमा उठाइएका ध्यानाकर्षणमाथि सरकारले उत्साहजनकरुपमा सम्बोधन नगरेको र सुन तस्करीलगायतका विषयमाथिका छानबिन समितिका प्रगति प्राप्त नहुनुले सुशासनका क्षेत्रका सरकार चुकेको आरोप लगाए । प्रतिपक्षले पनि समय-समयमा विभिन्न माग राखेर सदन अवरोध गर्दा विधेयक पारितमा ढिलाइ भएको आरोप सत्तापक्षको छ नि भन्ने प्रश्नमा सांसद गैह्रेको जवाफ छ, "जनताका जायज माग र सुशासनका लागि सरकारबाट चित्तबुझ्दो सम्बोधन नहुँदा हामीले केही दिन सदन अवरोध गरेका छौँ तर अवरोध खुलेपछिका समयमा सदन धेरै दिन चलाइएन । प्रधानमन्त्रीको विदेश भ्रमणका समयमा पनि सरकारको आग्रहमा सभामुखकबाट सदन स्थगन भएका छन् । हामी त सदन नियमित चलोस् र परिणाममूलक काम होस् भन्ने पक्षमा छौँ ।"

सांसदले विधि (कानुन) निर्माणमा मात्रै आफूहरुलाई अभ्यस्त बनाउनुपर्नेमा जनताको बुझाइ र सरकारका व्यवहारका कारण आफूहरु सानातिना आयोजना र जनस्तरका समस्यामा मन्त्रालय वा निकायमा धाउन बाध्य भएको बताउने सांसद गैह्रे यसबारेमा जनतालाई बुझाउन नसकिएको ठान्छन् । स्थानीय तहले गर्ने काममा पनि मन्त्रालय र निकायहरुमा सांसदसमेत मागपत्र बोकेर जाने अवस्था अन्त्य हुनुपर्ने उनको प्रस्ताव छ । "बजेट निर्माणमा सम्बन्धित जिल्लाबाट निर्वाचित सांसदको नीतिगत उपस्थिति हुने र वितरणमा सबै भूगोललाई आवश्यकता र औचित्यका आधारमा समानुपातिकरुपमा हुने हो भने यो समस्या आउँदैन", नेता गैह्रेले भन्नभयो, "मन्त्री वा प्रभावशाली नेता भएका जिल्लामा धेरै बजेट जाने प्रवृत्ति अन्त्य नभएमा सङ्घीय लोकतान्त्रिक शासन प्रणाली दिगो र सफल हुन सक्दैन ।"

उनले सरकारले हिउँदे अधिवेशन गत पुसको पहिलो सातादेखि नै सञ्चालन हुनुपर्ने जनाउँदै सरकारले सदनलाई पर्याप्त काम नदिएर केवल अनिवार्य स्थिति (नीति, कार्यक्रम र बजेट) मा मात्रै प्रयोग गरेर यसलाई निष्प्रभावी बनाएको आरोप लगाए । आगामी आर्थिक वर्षका लागि फागुनमै नीति, कार्यक्रम र प्राथमिकतामाथि छलफल चलाउने सरकारको प्रतिबद्धता कार्यान्वयनमा नआएको जनाउँदै गैह्रेले सत्य निरुपण तथा मेलमिलाप र वेपत्ता व्यक्तिको छानबिनसम्बन्धी जस्ता महत्वपूर्ण विधेयक छिटो पारित होस् र विभिन्न छानबिन आयोगका प्रगति विवरण चाँडै जनतासमक्ष आओस् भन्ने पक्षमा आफूहरु रहेको स्पष्ट गरे ।

मुलुकमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीचको सन्तुलन र समन्वयका सवालमा सोधिएको जिज्ञासामा सांसद गैह्रेले ती अङ्गबीच उचित सन्तुलन आवश्यक रहेको प्रतिक्रिया दिए । "जनताले सहज र निष्पक्षरुपमा न्याय पाउनुपर्छ ।" उनले भने, "न्यायालयमाथि कुनै पनि अङ्गबाट अङ्कुश लगाउन मिल्दैन ।"

संसद्बाट पारित भएको सांसद पूर्वाधार विकास कोषको रकमबारे अदालतमा मुद्दा विचाराधीन रहेकामा सरकारले जाजरकोट-भूकम्पपीडितकका लागि उक्त रकम खर्च गर्ने निर्णय गरेको बाहिर आए पनि सम्बन्धित स्थानमा बजेट नपुगेको उनको भनाइ छ । सरकार यस्ता विषयमा अनिर्णयको बन्दी नभई जनमुखी र प्रभावकारी हुनुपर्ने उनको सुझाव छ ।

# मुलुकभरि सत्ता गठबन्धनका उम्मेदवार विजयी

**टुडे समाचारदाता**

मकवानपुर । बागमती प्रदेशबाट राष्ट्रियसभा सदस्यमा सत्ता गठबन्धनका उम्मेदवार विजयी भएका छन् ।




विहिबार सम्पन्न मतगणनामा महिला समूहबाट सत्तागठबन्धनका उम्मेदवार कांग्रेसकी विष्णुकुमारी पुडासैनी विजयी भए । उनले छ हजार छ सय २२ मतभारत प्राप्त गर्दा नेकपा (एमाले)की उम्मेदवार रोचकुमारी चौलागाईंले दुई हजार पाँच सय ५२ मतभार प्राप्त गरे । यसैगरी, दलिततर्फ नेकपा (एकीकृत समाजवादी) का धनश्याम रिजाल विश्वकर्मा विजयी भए । उनले छ हजार पाँच सय १२ मतभारत प्राप्त गर्दा नेकपा (एमाले)का ध्रुवराज विश्वकर्माले तीन हजार ५३ मतभारत प्राप्त गरे ।

यसैगरी, अन्यतर्फ कांग्रेसका जितजङ्ग बस्नेतले छ हजार पाँच सय ३१ मतभारत प्राप्त गरी विजयी हुँदा गर्दा नेकपा (एमाले) का त्रिलोचन निर्मल पौडेलले दुई हजार तीन सय ५९ मतभार प्राप्त गरे । साथै अपाङ्गतातर्फ नेकपा (माओवादी केन्द्र)का श्रीकृष्ण अधिकारीले छ हजार चार सय ३६ मतभार प्राप्त गर्दा नेकपा (एमाले)का विवेक देवकोटाले दुई हजार सात सय ३४ मतभार प्राप्त गरे ।

मतदान प्रक्रियामा प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष गरी तीन सय ४२ जनाले सहभागिता जनाए । तीन सय ४७ जना मतदाता रहेको बागमतीमा प्रदेशसभाका दुई र स्थानीय तहका तीनजना गरी पाँचजना प्रतिनिधिले भने सहभागिता जनाएन् ।

**लुम्बिनीमा सुवेदी र सापकोटा विजयी**

राष्ट्रियसभा निर्वाचनमा लुम्बिनी प्रदेशमा सत्ता गठबन्धनका उम्मेदवारी विजयी भएका छन् । सत्ता गठबन्धनबाट लुम्बिनी प्रदेशमा उम्मेदवार बनेका नेकपा माओवादीका झक्कुप्रसाद सुवेदी र नेपाली कांग्रेसबाट उम्मेदवार बनेकी विष्णुदेवी सापकोटा विजयी भएका छन् । सुवेदी अन्यतर्फ र सापकोटा महिला कोटामा विजयी भएका हुन् ।

विहिबार भएको निर्वाचनमा निकटतम प्रतिस्पर्धी नेकपा एमालेका उम्मेदवार झपेन्द्रबहादुर घर्ती क्षेत्री र तुलसा केसीलाई हराउँदै गठबन्धनतर्फबाट उम्मेदवार बनेका सुवेदी र सापकोटा विजयी भएको हो । निर्वाचनमा सुवेदीले पाँच हजार चार सय ३५ र सापकोटाले पाँच हजार चार सय ३५ मतभार प्राप्त गर्दै विजयी भएको निर्वाचन अधिकृत कुलप्रसाद पाण्डेले जानकारी दिए ।

निर्वाचन अधिकृत पाण्डेका अनुसार नेकपा एमालेका उम्मेदवार केसीले दुई हजार आठ सय ६७ मतभार र घर्ती क्षेत्रीले तीन हजार ३९ मतभार प्राप्त गरेका थिए ।

त्यसैगरी, महिला कोटामा राप्रपाबाट उम्मेदवार बन्नुभएकी विजयालक्ष्मी सिंह दुई सय ५० र अन्य कोटामा जनमत पार्टीका बालगोविन्द चौधरीले दुई सय ५० मतभार प्राप्त गरेका थिए । विहिबार बिहान ९ देखि दिउँसो ३ बजेसम्म भएको निर्वाचनमा प्रदेशसभातर्फ ८७ र स्थानीय तहतर्फ भएको तीन सय पाँच मतमध्ये तीन सय तीन मत खसेको थियो ।

**सुदूरपश्चिममा पनि सत्तागठबन्धनका उम्मेदवार विजयी**

सुदूरपश्चिम प्रदेशबाट राष्ट्रियसभा सदस्यमा सत्ता गठबन्धनका तर्फबाट उम्मेदवार बन्नुभएका नेपाली कांग्रेसका बलदेव बोहरा र नारायणदत्त भट्ट र नेकपा (माओवादी केन्द्र)का रेनु चन्द विजयी भएका छन् ।

विहिबार धनगढीमा सम्पन्न निर्वाचनमा अन्य समूहतर्फबाट बोहरा, अपाङ्गताको समूहबाट भट्ट र महिला समूहमा चन्द विजयी भए ।

अन्य समूहमा बोहराले चार हजार तीन सय २८ मतभार प्राप्त गर्दा नेकपा (एमाले)का उम्मेदवार ईश्वरीप्रसाद खरेलले एक हजार छ सय ९६ मतभार प्राप्त गरे । अपाङ्गताका समूहमा भट्टले चार हजार चार सय १९ मतभार प्राप्त गर्दा प्रत्याशी रामचन्द्र जोशीले एक हजार पाँच सय १९ मतभार प्राप्त गरे । साथै महिला समूहमा विजयी चन्दले चार हजार चार सय ५३ र प्रत्याशी सावित्रादेवी घिमिरेले एक हजार पाँच सय ७१ मतभार पाउनुभएको निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत प्रेमराज भट्टले जानकारी दिए ।

कूल ५२ प्रदेशसभा सदस्य र एक सय ७३ पालिका तहका प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष मतदानमा सहभागी भए । साथै दुई जना जनप्रतिनिधि अनुपस्थित रहे । त्रिपन्न सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा बझाङका प्रदेशसभा सदस्य नेपाली कांग्रेसका तर्फबाट निर्वाचित पृथ्वीबहादुर सिंहको केही महिनाअघि सवारी दुर्घटनामा निधन भएको थियो । त्यसैगरी यही माघ ४ गते बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाकी उपाध्यक्ष मैना जोशीको निधन भएको थियो ।

प्रदेशसभा सदस्य मतदातातर्फ एक मत र पालिका तहका प्रमुख उपप्रमुख अध्यक्ष उपाध्यक्ष मतदातातर्फ दुई मत बदर भएका छन् ।धनगढीस्थित प्रदेशसभा सचिवालय परिसरमा मतदानस्थल तोकिएको थियो । सुदूरपश्चिम प्रदेशबाट राष्ट्रियसभा सदस्यमा महिला कोटाबाट निर्वाचित नेकपा (एमाले)की इन्दु कडरिया (कञ्चनपुर), अपाङ्गता तथा अल्पसङ्ख्यक कोटाबाट निर्वाचित नेकपा (माओवादी केन्द्र)का महेशकुमार महरा (डडेलधुरा) र अन्य कोटाबाट निर्वाचित नेकपा (माओवादी केन्द्र) कैलालीका हरिराम चौधरी (उत्सव)को पदावधि आगामी फागुनमा सकिन लागेकाले यी तीन पदका लागि निर्वाचन भएको हो ।

मतदाताका रुपमा रहेका प्रदेशका सबै नौ जिल्लाका ८८ पालिका तहका प्रमुख, उपप्रमुख/अध्यक्ष, उपाध्यक्ष गरेर एक सय ७६ रहेका थिए । कूल मतदाता दुई सय २७ थिए ।

प्रदेशसभामा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका (निधन भएका एकजनाबाहेक) १८ सदस्य छन् । नेकपा (माओवादी केन्द्र)का ११, नेकपा (एमाले) का दश, नागरिक उन्मुक्ति पार्टीका सात, नेकपा (एकीकृत समाजवादी)का चार, राप्रपाका एक र स्वतन्त्र एक सदस्य छन् । यसैगरी, पालिका तहका प्रमुख उपप्रमुख/अध्यक्ष उपाध्यक्षमा सबैभन्दा बढी संख्यामा नेपाली कांग्रेसका छन् । दोस्रो स्थानमा नेकपा (एमाले) र तेस्रो स्थानमा (माओवादी केन्द्र) छ ।

# 'संविधानको पालना हाम्रो दायित्व हो'



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधानको पालना र सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नु राज्यका सबै अङ्गका साथै सरोकारवाला सबैको दायित्व भएको बताएका छन् । विहिबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा पूर्वन्यायाधीश समाजका पदाधिकारीसँगको छलफलमा प्रधानमन्त्रीले सो कुरा बताएका हुन् । पूर्वन्यायाधीश समाजका अध्यक्ष टोपबहादुर सिंहसहितका पूर्वन्यायाधीशहरुसँगको छलफलमा प्रधानमन्त्रीले अहिले केही व्यक्ति समाजिक सद्भाव र एकतालाई खलबल्याउन र राम्रो कामलाई पनि नराम्रो भन्दै प्रचार गर्न लागिपरेको जनाउँदै संविधान र कानुनको पालना गर्न लगाउन पूर्वन्यायाधीशहरुको भूमिकासमेत महत्वपूर्ण रहने बताए ।

प्रधानमन्त्रीले पूर्वन्यायाधीशहरुले विगतमा संविधान र कानुनमाथि आक्रमण हुँदा आवाज उठाएको जनाउँदै आगामी दिनमा पनि राज्यका विभिन्न अङ्ग र निकायले गर्ने काममा संविधान र कानुनको पालना भए नभएकोबारे निरन्तर निगरानी गरिरहनुपर्ने औंल्याए। उनले राज्यका जिम्मेवार पदमा बसेका व्यक्तिले भीड हेरेर वा सामाजिक सञ्जालका धारणा हेरेर निर्णय गर्न नहुने भन्दै संविधान र कानुनको पूर्ण पालना गरेर त्यसका आधारमा मात्र निर्णय गर्नुपर्छ भने ।

प्रधानमन्त्रीसँगको छलफलमा पूर्वन्यायाधीशहरुले राज्यको कार्यकारी प्रमुखका नाताले प्रधानमन्त्रीले अहिलेको व्यवस्था सुदृढ गर्न तथा संविधान र कानुनको पालना गराउन भूमिका खेल्नुपर्ने सुझाव राख्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।


## Bishnu Rural Municipality

**Simara, Sarlahi, Nepal**

**Invitation for Bids**

**Date of publication: 2080/10/12 (26 Jan 2024)**

1. Bishnu Rural Municipality, Sarlahi has intended to Build its Over Head Tank
2. Bishnu Rural Municipality invites Electronic bid from eligblebiders as perdetails given below under NCB Works procedures .

| S. N. | Name of Contract | Contract No. | Bid fee | Bid Security /Bid Bond | Last date of bid purchase | Last date of bid submission | Bid Opening | Pre Bid meeting |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Dulba Batraul Brihat Khanepani aayojana | NCB/BRM/ WORKS/01/2080-81 | 5,000 | 15,00,000 | 2080/11/13 17:00 | 2080/11/14 11:00 | 2080/11/14 13:00 | 2080/10/28 11:00 |
| Bank Details :- Nabil Bank Ltd., Bishnu Rural Municipality, Sarlahi. | | | | | | | | |
| 1. Aantarikrajaswakhata22201017500031 for Bid fee, 2. Dharautikhata22201017500023 for Bid security/Bid bond | | | | | | | | |

Biders can download Bid Documents from PPMO'sEGP Portal under public entity Named :- Bishnu Rural Municipality

# फिनल्याण्डमा आइतबार राष्ट्रपतीय निर्वाचन

**एएफपी**

हेलसिन्की । युक्रेनमा जारी युद्धपछि छिमेकी मुलुक रूससँगको तनावका कारण विदेश नीतिको नेतृत्व गर्ने भूमिकालाई बढावा दिएको फिनल्याण्डमा नयाँ राष्ट्रपति चयनका लागि आगामी आइतबार मतदान हुँदैछ ।



फिनल्याण्डको सशस्त्र बलको सर्वोच्च कमाण्डरका रूपमासमेत काम गर्ने नयाँ राष्ट्रप्रमुखका लागि यूरोपको बदलिँदो भूराजनीतिक परिदृश्य मुख्य चिन्ताको विषय हुनेछ ।पूर्व कन्जरभेटिभ प्रधानमन्त्री अलेक्जेन्डर स्टब र ग्रिन पार्टीका पूर्व विदेशमन्त्री पेक्का हाभिस्टो गरी दुई शीर्ष राजनीतिज्ञले नौ जना उम्मेदवारको समूहको नेतृत्व गरेका छन् ।जनमत सर्वेक्षणका अनुसार पहिलो चरणमा कुनै पनि उम्मेदवारले आवश्यक बहुमत (५० प्रतिशत) भन्दा बढी नल्याउने तर फेब्रुअरी ११ मा हुने दोस्रो चरणको मतदानमा स्टब र हाभिस्टोबीच नै प्रतिस्पर्धा हुने सम्भावना छ ।

“फिनल्याण्डको नयाँ आउने राष्ट्रपति पहिलो पटक पश्चिम र नेटो समर्थक हुने र हाम्रो सबैभन्दा महत्वपूर्ण सम्बन्ध भनेको संयुक्त राज्य अमेरिकासँगको साझेदारी हो,” स्टबले हालैको एक टिभी अन्तर्वार्तामा भन्नुभयो । सन् २०२२ मा रूसले युक्रेनमाथि गरेको आक्रमणपछि मस्को र हेल्सिन्कीबीचको सम्बन्ध बिग्रिएको थियो जसका कारण फिनल्यान्डले दशकौं लामो सैन्य असंलग्नता त्यागेर अप्रिल २०२३ मा नेटोमा सामेल भएको थियो ।

फिनल्याण्डसँग एक हजार ३४० किलोमिटर लामो सीमा जोडिएको रूसले तुरुन्तै ‘प्रतिकारात्मक उपाय’ अपनाउने चेतावनी दिएको थियो ।त्यसको केही महिनापछि सन् २०२३ को अगष्टमा फिनल्यान्डले आफ्नो पूर्वी सीमाबाट बिना भिसा प्रवेश गर्ने आप्रवासीको चाप देखियो ।मस्कोले आप्रवासीहरूलाई अस्थिर पार्न हाइब्रिड आक्रमणमा धकेलिरहेको दाबी हेलसिन्कीले गरेको छ । फिनल्याण्डले गत नोभेम्बरमा आफ्नो पूर्वी सीमा बन्द गरेको थियो ।

शीतयुद्धपछिको समयमा हेलसिन्कीले मस्कोसँग राम्रो सम्बन्ध कायम राखेको थियो । वर्तमान राष्ट्रपति साउली निनिस्टोले कुनै समय रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग आफ्नो घनिष्ठ सम्बन्धको लागि गर्वसमेत गर्नुभएको थियो । युनिभर्सिटी अफ हेलसिन्कीको सामाजिक विज्ञान संकायका सहायक डिन हन्ना वासका अनुसार राष्ट्रपति पदका सबै उम्मेदवारले फिनल्यान्डको स्वतन्त्रता र नेटो सदस्यका रूपमा यसको नयाँ भूमिका दुवैको समर्थन गरेका छन् ।

वासले एएफपीसँग भन्नुभयो, “उनीहरू सबैको आत्मनिर्भरतामा जोड दिने बलियो विचार देखिन्छ, भविष्यमा फिनल्याण्डले स्वतन्त्र रूपमा आफ्नो रक्षाको जिम्मेवारी लिनुपर्छ र साझा युरोपेली रक्षा र नर्डिक सहयोग निर्माणमा सक्रिय योगदानकर्ता पनि हुनुपर्दछ ।युनिभर्सिटी अफ टाम्पेरेका विदेश नीतिका प्राध्यापक टुमास फोर्सबर्गले ती सबै उम्मेदवारको विदेश नीति समान रहेको बताउनुभएको छ ।उहाँले एएफपीसँग भन्नुभयो, “यो नेतृत्वका लागि व्यक्ति चयनभन्दा पनि नेतृत्व रहने व्यक्तिको विश्वसनीयता र जिम्मेवारी र विदेश नीतिको जानकारी राख्ने गुण, मूल्य र अन्य प्रतिनिधित्व छान्ने अवसर हो ।”

**अनुभवी अग्रगामी**

दैनिक हेल्सिंगिन सानोमाटले सोमबार प्रकाशित गरेको जनमत सर्वेक्षणमा स्टब २२ प्रतिशतका साथ अगाडि देखिनुभउको छ भने हाभिस्टो २० प्रतिशतका साथ दोस्रो स्थानमा हुनुहुन्छ ।

वासले भन्नुभयो, “उनीहरू दुवैसँग घरेलु र विदेशी राजनीतिमा व्यापक अनुभव छ र उनीहरूलाई मतदाताले सबैभन्दा बढी महत्व दिएका छन् ।”तिनीहरू धेरै पुस्ता र लामो समयदेखि ज्ञात व्यक्ति हुन् ।“समान राजनीतिक विचारमा पनि हाभिस्टो र स्टबले फरक पृष्ठभूमिको प्रतिनिधित्व गर्दछन्,” फोर्सबर्गले उल्लेख गरे।

फोर्सबर्गले भन्नुभयो, “यी दुईबीचको दोस्रो चरणको चुनावमा बहस निर्णायक हुन सक्छ ।”दक्षिणपन्थी फिन्स पार्टीका उम्मेदवार जुस्सी हला-अहाले १८ प्रतिशत मत प्राप्त गर्नुभएको छ भने पूर्व युरोपेली आयुक्त ओली रेहनले १२ प्रतिशत मत प्राप्त गर्नुभएको छ । हला-आहा र रेहन अझै पनि दोस्रो चरणमा पुग्न सक्ने फोर्सबर्गले बताउनुभयो । “यद्यपि, हेला-आहले दोस्रो चरण जित्ने सम्भावना छैन किनकि उहालाईं धेरै विभाजनकारी नेताको रूपमा हेरिएको छ,” उहाँले भन्नुभयो ।

संसदीय राजनीतिबाट के हासिल गर्न सकिन्छ भन्ने आम शङ्काले भरिएको वातावरणमा फिनल्याण्डको राष्ट्रपतिप्रति बढी विश्वास रहेको वासले बताउनुभयो । उहाँले भन्नुभयो, “संस्थागत रूपमा हेर्दा राष्ट्रपतिप्रति फिनल्याण्डका जनताको अधीक विश्वास छ। राष्ट्रपतिलाई देशको सशक्त नेताको रूपमा हेरिन्छ ।” फिनल्याण्डको राष्ट्रपतीय चुनावमा ७० प्रतिशतको हाराहारीमा मतदान हुने अनुमान गरिएको छ ।

# मधेशले गण्डकीलाई हरायो

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत कीर्तिपुर स्थित त्रिवि मैदानमा विहिबार भएको खेलमा मधेस प्रदेश विजयी भएको छ। मधेस प्रदेशले गण्डकी प्रदेशलाई एक सय ४५ रनको भारी अन्तरले पराजित गरेको हो ।



मधेसले जितका लागि दिएको तीन सय ३६ रनको विशाल लक्ष्य गण्डकी प्रदेश ३९ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै एक सय ९० रनमा समेटियो। गण्डकीका लागि ईश्वर क्षेत्री र कमल परियारले समान २७/२७ रनको योगदान दिए।

त्यसैगरी, कृश ऐरले २६, चन्द्र पौडेलले २३, रोशन गौतमले २२, समीर कँडेल र मुस्कान थापाले समान १८/१८ रन बनाए । मधेसका लागि रञ्जित कुमारले चार विकेट लिए भने कप्तान हरिशङ्कर शाहले तीन विकेट लिए । त्यसैगरी, प्रदीप पासवानले दुई तथा राजेश यादवले एक विकेट लिए।

त्यसअघि टस जितेर पहिलो ब्याटिङ गरेको मधेसले निर्धारित ५० ओभरमा पाँच विकेट गुमाउँदै तीन सय ३५ रनको योगफल बनाएको थियो।

मधेसका लागि अनिल साहले सर्वाधिक एक सय २७ रनको योगदान दिए। उनले एक सय २५ बल खेल्दै ११ चौका र ६ छक्का प्रहार गरे । अरनिको यादवले ३४ बलमा पाँच चौका र तीन छक्काको मद्दतले अविजित ६३ रन बनाए । रुपेश सिंहले ४७, पवन सराफले ४०, रुपेश सिंहले ३२, अविशेक तिवारीले अविजित २७ तथा मयन यादवले २७ रन बनाए।

गण्डकीका लागि सन्दीप पराजुलीले दुई विकेट लिए भने कृष्ण पौडेल र कमल परियारले समान एक-एक विकेट लिए । यस जितसँगै मधेस सात खेलमा आठ अङ्क जोडेको छ । यता गण्डकी प्रदेश पाँच खेलमा चार अङ्क बनाएको छ।

# राष्ट्रिय खेलाडीले चम्कियो सिद्धार्थ रङ्गशाला

**टुडे समाचारदाता**

भैरहवा । भैरहवाका विजयसागर श्रेष्ठ साहित्यकार हुनुहुन्छ। साहित्यमा दख्खल राख्ने श्रेष्ठको पछिल्लो समय साहित्य छाडेर क्रिकेटमा रुचि बढेको छ। भैरहवामा भइरहेको प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा उनी दैनिक देखिन्छन् । कहिले दर्शकदीर्घाबाट, कहिले विशिष्ठ व्यक्ति बस्ने प्यारापिटबाट उनी खेल नियालिरहेको भेटिन्छन्। “आफ्नै नगरमा राष्ट्रिय प्रतियोगिता भइरहेको छ, यहाँ नआएर भयो त ?”, बुधबार हर्षित मुद्रामा भेटिभएका श्रेष्ठले भने।

नेपालका लागि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने नेपाली क्रिकेट टोलीको अहिले भैरहवामा जमघट भएको छ । भैरहवामै राष्ट्रिय टोलीका खेलाडी पाएपछि यहाँका प्रंशसक पनि हौसिएका छन् । दर्शक नै नपाउने सिद्धार्थ क्रिकेट रङ्गशाला अहिले दर्शकले भरिभराउ छ। भैरहवामात्र होइन, रुपन्देहीका ग्रामीण क्षेत्रबाट पनि खेल हेर्न र राष्ट्रिय खेलाडीलाई भेट्न दर्शक भैरहवा आइपुग्ने गरेका छन् ।

खेल सुरु हुनुअघि र खेल समापनपछि रङ्गशाला बाहिर प्रंशसकहरू खेलाडीको एक झलक पाउन तथा उनीहरूसँग तस्बिर लिन लालयित हुने गरेका छन् । खेलाडीले पनि दर्शकको माया र हुटिङ पाएका छन् । दर्शकसँग फोटो खिचाउन खेलाडीलाई भ्याइनभ्याई छ ।सिद्धार्थ क्रिकेट रङ्गशाला दर्शक र राष्ट्रिय खेलाडीको मिलन गराउने माध्यम बनेको छ। पहिलोपटक आयोजना भएको राष्ट्रियस्तरको प्रधानमन्त्री कप प्रतियोगिताले भैरहवा क्रिकेटमय भएको छ । खेलाडी पनि काठमाडौँ बाहिर नयाँ खेलमैदान पाएपछि दङ्ग छन् ।

त्रिभुवन आर्मी क्लबका कप्तानसमेत रहनुभएका राष्ट्रिय खेलाडी विनोद भण्डारी केही वर्षयता नै सिद्धार्थ रङ्गशाला परिवर्तन भएको प्रतिक्रिया दिए। “म करिब अढाइ वर्षअघि यहाँ घरेलु प्रतियोगिता खेल्न आएको थिएँ, यो अढाइ वर्षमा यहाँ धेरै परिवर्तन भइसकेको छ”, भण्डारीले भने, “पिच राम्रो बनेको छ, ‘आउटफिल्ड’ एकदमै राम्रो बनेको छ, दर्शकका लागि ‘स्टेण्ड’ पनि बनिसकेको रहेछ, यो यही रोकिनु भएन अझै अगाडि बढ्नुपर्छ।”

उनले अहिले काठमाडौँमा मात्र अन्तर्राष्ट्रिय खेल भइरहेको अवस्थामा अब भैरहवा पनि यस्तो खेल खेलाउन सक्षम रहेको बताए। भण्डारीले भैरहवाको पिच खेल्न योग्य रहेको बताए। गत पुस २८ गतेदेखि प्रधानमन्त्री कप सुरु भएदेखि नै भैरहवाको पिचले घाम हेर्न पाएको थिएन । यसले गर्दा यहाँ रन धेरै बन्न सकेको थिएन। पिच राम्रो हुनलाई पानी र घाम हुनुपर्छ यसले ब्याटरहरूलाई रन बनाउन सहयोग गर्छ । आर्मीका कप्तान विनोद भण्डारीका अनुसार सिद्धार्थ रङ्गशालाको पिचले घाममात्र पाएको भए यहाँ उच्च अङ्क बन्ने थिए।

आर्मीका कप्तानको जस्तै धारणा राष्ट्रिय टोलीका समेत कप्तान रहनुभएका सशस्त्र प्रहरीका रोहित पौडेलको पनि छ । उनले पनि भैरहवाको खेलमैदान राम्ररी तयार गरेको प्रतिक्रिया दिनुभयो । “विशेषगरी आउटफिल्ड खेल्नका लागि साह्रै राम्रो छ, पिचले घाम पनि पाएको छैन, यस्तो अवस्थामा पनि यति राम्रो विकेट तयार गर्नुभएको छ”, पौडेलले भने, “आउने दिनमा यहाँ अझै राम्रा खेल हुँदै जाउन्, हामी यहाँ नेपालका लागि खेल्न चाहन्छौँ।”

पौडेल पिच तयार भइसकेको अवस्थामा रङ्गशालालाई विस्तारै विकसित गरी लैजान सकिने बताउनुहुन्छ । “सिद्धार्थ क्रिकेट रङ्गशालामा अन्तर्राष्ट्रियस्तरका खेल हुने पिच छ”, उनले भने, “अब यसलाई ‘अपडेटेड’ गरेर यहाँको समिति कसरी अगाडि बढ्छ, त्यो महत्त्वपूर्ण पाटो हो।”

सिद्धार्थ रङ्गशालामा अहिले छवटा पिच रहेका छन् । रुपन्देही क्रिकेट सङ्घका अध्यक्ष हरिबहादुर थापाका अनुसार त्यसमध्ये तीनमा रातो माटो तीन वटामा पहेँलो माटो प्रयोग गरिएका पिच छन् । आठ वर्षअघि गुरुयोजनासमेत तयार भएको रङ्गशालामा अहिलेसम्म करिब रु १० करोड खर्च गरिसकिएको उनले बताए । आफ्नै एकेडेमीसमेत तयार पार्ने लक्ष्यसहित रुपन्देही क्रिकेट सङ्घले अहिले तीन सिमेन्ट पिच र दुई टर्स पिच निर्माण गरिसकेको छ।

करिब साढे सात बिघा क्षेत्रफलमा फैलिएको रङ्गशालाको आठ वर्षअघि गुरुयोजना तयार भए पनि अहिलेसम्म करिब १० प्रतिशत मात्र काम हुनसकेको नेपाल क्रिकेट सङ्घका पूर्वकार्यवाहक सचिव प्रशान्तविक्रम मल्लको भनाइ छ। तत्कालीन समयमा रु ३८ करोड लागत अनुमान गरिएको थियो । अहिले यसलाई पुनःमूल्याङ्कन गरी अगाडि बढ्नुपर्ने उनको धारणा छ।

# गाजास्थित संयुक्त राष्ट्रसङ्घीय प्रशिक्षण केन्द्रमा आक्रमण



**सिन्ह्वा**

गाजा। गाजाको प्रमुख दक्षिणी सहर खान युनिसस्थित संयुक्त राष्ट्रसङ्घको प्रशिक्षण केन्द्रमा बुधबार आक्रमण गरी आगो लगाइएको छ। घटनामा परी कम्तीमा नौ जनाको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घका अधिकारीले बताएका छन् ।

गाजामा प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्र सङ्घ राहत तथा योजना निकायका एजेन्सीका निर्देशक थोमस ह्वाइटले सामाजिक सञ्जाल एक्स (ट्वीटर)मा जनाएअनुसार आठ सय जना मानिसहरु बसोबास गरिरहेको भवनमा गोलाबारी भएको थियो । आक्रमणमा कम्तिमा नौ जनाको मृत्यु भएको छ भने अन्य ७५जना घाइते भएका छन् ।

युएनआरडब्लुए र विश्व स्वास्थ्य सङ्गठनका उद्धार टोलीहरू उद्धारको लागि केन्द्रमा पुग्ने प्रयास गरिरहेको उहाँले बताउनुभयो। खान युनूसको पश्चिमी क्षेत्रमा इजरायली बम विष्फोटले प्रशिक्षण केन्द्रमा ठूलो आगलागी निम्त्याएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । आगलागीले भवनको ठूलो भागमा क्षति पुगेका कारण धेरै मृतक तथा घाइते व्यक्तिलाई केन्द्र भित्रबाट बाहिर सार्नु परेको उहाँले बताउनुभयो।

इजरायली सेनाले लगाएको घेराबन्दीका कारण एम्बुलेन्स र मेडिकल टोलीहरू जलिरहेको प्रशिक्षण केन्द्रमा पुग्न नसकेको प्रत्यक्षदर्शीहरूले बताएका छन्। प्यालेस्टिनी विदेश मन्त्रालयले प्रशिक्षण केन्द्रमा भएको गोलाबारीको निन्दा गरेको छ। युएनआरडब्लुएका संस्था, कर्मचारी, विद्यालय, आश्रय र उपकरणहरूलाई इजरायलले सुनियोजित रूपमा आक्रमण गरेको मन्त्रालयले बताएको छ।

पछिल्लो २४ घण्टामा, इजरायली सेनाले गरेको २४ वटा आक्रमणमा २१० प्यालेस्टिनीको मृत्यु भएको छ। आक्रमणमा अन्य ३८६ जना घाइते भएका छन्। सन् २०२३ अक्टोबर ७ देखि सुरु भएको आक्रमणजन्य घटनाका कारण २५ हजार ७०० प्यालेस्टिनीको मृत्यु भइसकेको छ। आक्रामणमा घाइतेहरूको कूल सत्ख्या ६३ हजार ७४० पुगेको छ।

# जापानमा मृत्युदण्डको पक्षमा कडा समर्थन

**एएफपी**

टोकियो । जापानमा मृत्युदण्डको कडा जनसमर्थन रहेको छ। मृत्युदण्डलाई गोप्य र ‘क्रूर’ तरिकाले गरिने गरिएको भन्दै यस विधिको भने चर्को आलोचना गर्ने गरिएको छ। जापानमा मृत्युदण्ड दिँदा अहिलेपछि झुण्डाएर दिने विधिलाई नै अपनाइने गरिएको छ।

सन् २०१९ मा क्योटोको एनिमे स्टुडियोमा ३६ जनाको ज्यान जाने गरी भएको आगजनीको अभियोगमा शिन्जी आओबालाई मृत्युदण्डको सजाय सुनाइएको छ ।सात औद्योगिक अर्थतन्त्रहरू भएका मुलुकको समूह (जी-७) का दुई सदस्य जापान र संयुक्त राज्य अमेरिकाले मात्र मृत्युदण्डलाई कायम राखेका छन्।

जापानमा सन् २०१९ को एक सरकारी सर्वेक्षणले ८० प्रतिशत मानिसहरूले मृत्युदण्डलाई ‘अपरिहार्य’ बताएको उल्लेख छ ।एक हजार ५०० भन्दा बढी सहभागी रहेको उक्त सर्वेक्षणमा नौ प्रतिशतले मात्र यसलाई खारेज गर्नुपर्ने पक्षमा थिए ।मृत्युदण्डको समर्थन गर्नेमध्ये करिब ५७ प्रतिशतले मृत्युदण्ड खारेज गरिए पीडित परिवारले ‘कहिल्यै पनि राहत महसुस नगर्ने’ बताएका छन्।

न्याय मन्त्रालयले एएफपीलाई दिएको जानकारीअनुसार डिसेम्बरसम्म १०७ जना कैदीले आफ्नो मृत्युदण्डको सजाय कार्यान्वयनको पर्खाइमा थिए । आओबाले क्योटो जिल्ला अदालतले दिएको सजायविरुद्ध अपिल गर्न सक्छन् तर कानुनले अन्तिम फैसला भएको छ महिनाभित्र मृत्युदण्ड दिइसक्नुपर्ने व्यवस्था गरेको छ ।तथापि, वास्तवमा, अधिकांश कैँदीहरूलाई कहिलेकाहीँ दशकौंसम्म पनि एकान्तवासमा राख्ने प्रचलन पनि रहेको छ।

झण्डै डेढ शताब्दीदेखि जापानको एकमात्र मृत्युदण्ड दिने विधि झुण्डाउने नै हो। दोषीहरूलाई आँखामा पट्टी बाँधेर, खुट्टा बाँधेर र हात बाँधेर फाँसी दिइन्छ ।धेरै जेल अधिकारीहरूले नजिकैको कोठामा एकसाथ बटन थिच्दा तिनीहरूको तल एउटा ट्र्यापडोर खुल्छ । कुन बटनले घातक संयन्त्रलाई ट्रिगर गर्दछ भनेर कसैलाई पनि बताइएको हुँदैन ।मृत्युदण्डको सजाय पाएका तीन जना कैदीले सन् २०२२ मा फाँसी दिने विधिलाई ‘क्रूर’ भन्दै यसको अन्त्यका लागि माग गरेका थिए।

आलोचकहरूले फाँसीको प्रावधानले गलत मृत्युदण्डको सम्भावना राख्छ र यो लामो, पीडादायी मृत्युको कारण बन्ने तर्क गरेका छन् ।जापानमा सन् २०२३ मा मृत्युदण्ड दिइएको थिएन तर सन् २०२२ मा एउटा र सन् २०२१ मा तीन जनालाई मृत्युदण्ड दिइएको थियो ।पछिल्लो पटक सन् २०२२ को जुलाईमा तोमोहिरो काटोलाई फाँसी दिइएको थियो, जसले सन् २००८ मा टोकियोको अकिहाबारा जिल्लामा पैदलयात्रीलाई ट्रकले ठक्कर दिएर सात जनाको हत्या गरेका थिए।

सन् २०१८ मा गुरु शोको आसाहारा र ओम शिन्रिक्यो कल्टका १२ जना पूर्व सदस्यलाई मृत्युदण्ड दिइएको थियो ।सन् १९९५ मा टोकियोको सबवे प्रणालीमा सरीन ग्याँस आक्रमणको योजनाकार ओम शिनरिक्यो १३ जनाको मृत्यु र हजारौं बिरामी परेको आक्रमणका लागि दोषी ठहरिएका थिए । गत हप्ता एक २१ वर्षीय युवकलाई एक बालिकाका आमाबाबुको हत्या गरी घरमा आगो लगाएको अभियोगमा मृत्युदण्डको सजाय सुनाइएको थियो।

जापानमा सूचनाविना नै फाँसी दिने प्रणालीको व्यापक आलोचना हुने गरेको छ। कैदीहरूलाई प्रायजसो अन्तिम समयमा र सामान्यतया बिहानको समयमा यो घटना हुनुभन्दा केही घण्टा अघि उनीहरूको आसन्न मृत्युको बारेमा सूचित गरिन्छ ।मानवअधिकारवादी समूह एम्नेस्टी इन्टरनेसनलले सार्वजनिक गरेको रिपोर्टमा मृत्युदण्डको बिषयमा ‘केहीलाई कुनै चेतावनी पनि नदिने गरिएको उल्लेख गरेको छ।

आफूलाई कहिले मृत्युदण्ड दिइने हो भन्ने थाहा नपाउँदाको मनोवैज्ञानिक पीडाले गर्दा दुई जना कैदीले सन् २०२१ मा ‘ढिलो सूचना प्रणाली’ विरुद्ध मुद्दा दायर गरेका थिए ।जापानमा परिवारका कुनै पनि सदस्यले कैदीहरूको अन्तिम क्षण (मृत्युदण्ड) मा साक्षी हुने प्रचलन छैन । मृत्युदण्डसम्बन्धी सार्वजनिक बहस पनि सीमित छ, अधिकारकर्मीहरूले राष्ट्रव्यापी छलफललाई उत्प्रेरित गर्न अधिकारीहरूद्वारा सूचनाको राम्रो खुलासा गर्न आह्वान गरेका छन्।

# लोप हुने उपप्रजातीका एक गैँडा गर्भवती

**एपी**

नैरोबी । एउटा विधिको पहिलो सफल प्रयोगमा भ्रूण स्थानान्तरणमार्फत गैँडालाई गर्भाधान गरिएपछि संरक्षणवादीहरूले करिब लोप भइसकेको उत्तरी सेतो गैँडाको उप-प्रजातिलाई बचाउन सम्भव हुने बताएका छन् ।

अर्को उप-प्रजातिका साथ परीक्षण गर्दा अन्वेषकहरूले प्रयोगशालामा अन्डा र शुक्राणुबाट दक्षिणी सेतो गैँडाको भ्रूण बनाए । ती अन्डा र शुक्राणु पहिला अन्य गैँडाबाट सङ्कलन गरिएको थियो र त्यसलाई केन्यामा ओल-पेजेटा कन्जर्भेन्सीमा एउटा दक्षिणी सेतो गैँडा सरोगेट आमामा स्थानान्तरण गरिएको थियो ।

“सफल भ्रूण स्थानान्तरण तथा गर्भावस्था अवधारणाको प्रमाण हो र अब यसले अन्वेषकहरूलाई उत्तरी सेतो गैँडाको भ्रूणलाई सुरक्षितरूपमा स्थानान्तरण गर्न अनुमति दिन्छ, यो उत्तरी सेतो गैँडालाई लोप हुनबाट बचाउने मिसनको आधारशीला हो”, समूहले बुधबार एक विज्ञप्तिमा भनेको छ।

यद्यपि सरोगेट आमा गैँडाको सन् २०२३ नोभेम्बरमा एक जीवाणु सङ्क्रमणबाट मृत्यु भएपछि मात्र टोलीलाई गर्भावस्थाबारे थाहा भयो। क्लोस्ट्रिडियम स्ट्रेनका बीजाणुहरू बाढीको पानीले माटोबाट निस्कँदा गैँडालाई सङ्क्रमण भएको थियो र पोस्टमार्टम परीक्षणमा भ्रूण पत्ता लागेको थियो ।

तर पनि वैज्ञानिकहरू आफ्नो निष्कर्षलाई लिएर अत्यन्त आशावादी छन् । बायोरेस्क्यु प्रजनन विभागका प्रमुख एवं मुख्य शोधकर्ता प्राध्यापक थोमस हिल्डेब्रान्टले भन्नुभयो, “अब हामीसँग परीक्षण ट्यूबमा तयार गरिएको जमेको, पग्लिएको भ्रूणले नयाँ जीवन दिनसक्छ भन्ने स्पष्ट प्रमाण छ र हामी सेतो गैँडाका लागि यही चाहन्छौं।”

अफ्रिकामा करिब २० हजार दक्षिणी सेतो गैँडा रहेका छन् । तिनीहरू उप-प्रजातिका साथै अर्को प्रजाति कालो गैँडा आफ्नो सिङको अवैध शिकारका कारण तिनीहरूको सत्ख्यामा उल्लेखनीय कमीबाट माथि आइरहेका छन् । यद्यपि उत्तरी सेतो गैँडाको उप-प्रजाति विश्वमा दुई वटामा मात्र बाँकी छन् ।

तिनीहरू बस्ने ओल-पेजेटा कन्जर्भेन्सीका अनुसार ३४ वर्षीय नाजिन र उसको २३ वर्षीय सन्तान फातु दुवै प्राकृतिकरूपमा प्रजननमा असमर्थ छन्। अन्तिम भाले सेतो गैँडा ४५ वर्षको सुडान थियो। उमेरसम्बन्धी जटिलताका कारण सन् २०१८ मा उसको मरण सहज बनाइयो । ऊ नाजिनको भाले थियो।

उत्तरी सेतो पोथी गैँडाबाट प्राप्त अन्डाहरू प्रयोग गरी भ्रूण उत्पादन गर्नका लागि प्रयोग गर्ने आशामा वैज्ञानिकहरूले उसको वीर्य र अन्य चार मरेका गैँडाहरूको वीर्य भण्डारण गरे। अन्ततः दक्षिणी सेतो गैँडा सरोगेट आमाहरूले ती वीर्य र अन्डा बोक्नेछन्।

# विद्यालयमा किशोरीहरुको पहुँच सुनिश्चित गर्न आग्रह

**एएनआइ**

काबुल । अन्तर्राष्ट्रिय संस्थाहरूले अफगानी किशोरीहरूको शिक्षामा लगाइएको प्रतिबन्ध हटाउन आह्वान गरेका छन्। अफगानिस्तानमा दुई वर्षभन्दा बढी समयदेखि किशोरीहरूलाई शिक्षाको पहुँचमा प्रतिबन्ध लगाइएको टोलो न्यूजले जनाएको छ ।विश्वले जनवरी २४ मा अन्तर ाष्ट्रिय शिक्षा दिवस मनाउँदै गर्दा विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूले बालिकाहरूका लागि विद्यालयहरू खोल्न आग्रह गरेका हुन् ।



अफगानिस्तानका लागि संयुक्त राष्ट्रका विशेष दूत रोजा ओटुनबायेभा, एम्नेस्टी इन्टरनेसनल, शरणार्थीका लागि संयुक्त राष्ट्र उच्चायुक्त, विश्व खाद्य कार्यक्रम र अन्य अन्तर्राष्ट्रिय समूहहरूले तालिबान समूहलाई किशोरीहरूको शिक्षामा लगाइएको प्रतिबन्ध हटाउन आग्रह गरेका हुन् ।रोजा ओटुनबायेभाले सामाजिक सञ्जाल एक्समा युएनएएमए न्यूजले जारी गरेको भिडियोमा सबैलाई शिक्षा प्रदान गर्नु नै अफगानिस्तानको भविष्यको आधार भएको कुरामा जोड दिनुभयो । अफगानिस्तानमा, सबैका लागि शिक्षा मौलिक अधिकार मात्र नभई अफगानिस्तानको भविष्यको आधार भएको उहाँले बताउनुभयो।

टोलो न्यूजका अनुसार अन्तर्राष्ट्रिय शिक्षा दिवसका अवरसमा विद्यालयहरू खोल्न पश्चिमी राष्ट्रहरूको मात्र नभई मुस्लिम समुदायको पनि माग रहेको ओटुनबायेभाले बताउनुभएको छ। उहाँले शिक्षा केवल नैतिक अनिवार्य मात्र नभई समृद्धि र शान्तिका लागि महत्वपूर्ण छ भनेर चिन्नसमेत तालिबानसँग आग्रह गर्नुभयो । वर्तमान मार्गलाई कायम राख्दा अफगानहरूलाई थप हानि पुग्ने तथा अफगानिस्तानलाई इस्लामिक विश्व र अन्तर ाष्ट्रिय समुदाय दुवैबाट अलग्गै राख्ने जोखिम बढ्ने उहाँले बताउनुभयो।

एम्नेस्टी इन्टरनेसनलले बिहीबार जारी विज्ञप्तिमा अफगान सरकारलाई स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न, विद्यालय र विश्वविद्यालयहरू पुनः खोल्न र महिलाहरूलाई काम गर्न अनुमति दिन आग्रह गरेको छ ।सबै विद्यालय तथा विश्वविद्यालयहरू तुरुन्तै पुन : खोलेर, स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरेर महिलाहरूलाई काममा फर्कन अनुमति दिदै महिला र सबै उमेरका केटीहरूको शिक्षामा पहुँचसहित उनीहरूको पूर्ण अधिकार प्रदान गर्न, सङ्गठनले सुझाएको छ।

महिला अधिकार कार्यकर्ता तफसिर सेयापोसले इस्लामको पवित्र धर्ममा हरेक दिन शिक्षाको दिन हो, दुर्भाग्यवश, आज अन्तर्राष्ट्रिय शिक्षा दिवसमा विद्यालय र विश्वविद्यालयहरू बन्द रहेको बताउनुभयो । उहाँले आफुहरू इस्लामिक सरकारले सकेसम्म चाँडो बिशोरीहको शिक्षाको सुनिश्चितता गर्ने विषयमा आशावादी रहेको बताउनुभएको छ। तालिवानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले छैटौं कक्षाभन्दा माथिका बालिकाहरूको शिक्षामा कुनै विषय उठान गर्नु भएन। यद्यपि, उहाँले शिक्षाको व्यवस्था वर्तमान सरकारको प्राथमिकतामध्ये एक रहेको बताउनुभएको छ।

मुजाहिदले शिक्षा धेरै आवश्यकतामध्ये एक भएको बताउदै इस्लामिक इमिरेट्सले शिक्षालाई प्राथमिकता दिएको र बजेटलाई शिक्षा क्षेत्रमा बढी केन्द्रित गर्ने प्रयास गरिरहेको बताउनुभयो। अफगानिस्तानमा छैटौं कक्षाभन्दा माथिका केटीहरूलाई विद्यालय जान नदिई ८०० दिन बितिसकेको छ। लगभग चार सय दिन विश्वविद्यालयहरू महिला विद्यार्थीहरूका लागि बन्द गरिएका छन्।

# 'ग्रीन हाइड्रोजन' नीति कार्यान्वयनमा

**टुडे समाचारदाता**

काठमाण्डु । ऊर्जाको बदलिँदो प्रवृत्तिलाई आत्मसात् गर्ने उद्देश्यका साथ सरकारले 'ग्रीन हाइड्रोजन नीति-२०८०' कार्यान्वयनमा ल्याएको छ । जैविक इन्धनको प्रयोगलाई क्रमशः कम गर्दै लैजाने र देशभित्रै उत्पादन भएको बिजुलीको प्रयोग गरेर हाइड्रोजन उत्पादन गर्ने लक्ष्य राखिएको छ ।




सरकारले जलवायु परिवर्तनसँग जुध्ने लक्ष्यका साथ सो नीति कार्यान्वयनमा ल्याएको हो । ऊर्जाका विभिन्न स्रोतमध्ये कान्छो पुस्ताको स्रोतका रूपमा विश्वव्यापीरूपमा स्थापित हुँदै आएको हाइड्रोजनले समयको मागलाई सम्बोधन गर्ने सरकारको बुझाइ छ ।

सरकारले ग्रीन हाइड्रोजन र यसको सहउत्पादन गर्ने उद्योग स्थापना र लगानी प्रवर्द्धनलाई प्रोत्साहन गर्न आवश्यकता र औचित्यताका आधारमा छुट सुविधा प्रदान गर्न सकिने व्यवस्था गर्ने रणनीति अगाडि सारेको छ । यस्तै ग्रीन हाइड्रोजन तथा यसको सहउत्पादन गर्ने उद्योगलाई निश्चित अवधिका लागि आयकरमा छुट प्रदान गरिने छ । उद्योग स्थापनाका लागि आवश्यक उपकरण आयात गर्दा लाग्ने भन्सार दस्तुर तथा महसुलमा सहुलियत प्रदान गरिनेछ ।सरकारले कार्यान्वयनमा ल्याएको नीतिअनुसार ग्रीन हाइड्रोजन तथा यसको सहउत्पादन गर्ने उद्योगलाई मूल्य अभिवृद्धिकर, अन्तःशुल्कलगायतमा छुट प्रदान गर्न गरिने व्यवस्था गरिएको छ । हाइड्रोजन तथा यसका सहउत्पादनका लागि उद्योगले छुट्टै विद्युत् आयोजना विकास गरी विद्युत् आफैँ खपत गरेमा विद्युत् रोयल्टी छुट दिनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले यस नीतिअनुसार अब ऊर्जा उत्पादनको नयाँ आयामका रूपमा रहेको हरित हाइड्रोजन उत्पादनमा क्रमशः बढावा पाउने विश्वास व्यक्त गरेको छ । सरकारले हरित हाइड्रोजनबाट रासायनिक मल उत्पादन गर्ने लक्ष्य राखेको छ । त्यसको आवश्यक अध्ययन तथा प्रारम्भिक तयारीको कामसमेत भइसकेको छ ।विशेषतः काठमाडौँ विश्वविद्यालयले यसमा आवश्यक अध्ययन तथा परीक्षणको काम गरिरहेको छ । जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने, न्यून कार्बन उत्सर्जन गर्ने, रायायनिक मल उत्पादन र औद्योगिकीकरणलाई प्रोत्साहन गर्ने उद्देश्यसहित हाइड्रोजन नीति ल्याइएको ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले जानकारी दिए ।

नीतिअनुरुप ग्रीन हाइड्रोजन र यसको सहउत्पादन गर्ने उद्योगका लागि सरकारले सहुलियत दरमा विद्युत् उपलब्ध गराउनेछ। जलवायु परिवर्तनको प्रमुख कारकका रूपमा रहेको कार्बन उत्सर्जन न्यूनीकरण गर्दै कार्वन व्यापार प्रवर्द्धन गर्ने सरकारको लक्ष्य छ । यस्तै हाइड्रोजनबाट चल्ने सवारीसाधनको प्रवर्द्धन गर्ने, स्टिल, सिमेन्टलगायतका उद्योगमा ग्रीन हाइड्रोजनको व्यापारिक उपयोगलाई प्रोत्साहन गर्ने विषयलाई नीतिले महत्व दिएको छ ।खासगरी पेट्रोलियम पदार्थको प्रतिस्थापनका लागि ग्रीन हाइड्रोजनमा आधारित इन्धनको उपयोगलाई बढावा दिइनेछ । त्यसको उत्पादन, उपयोग, भण्डारण र ढुवानीलाई सुरक्षित गर्न आवश्यक पूर्वाधार वातावरणमैत्री बनाउने लक्ष्य राखिएको छ । आवश्यक विद्युत् उद्योगसम्म ल्याउनका लागि विद्युत् प्रसारण लाइन तथा सबस्टेशनको निर्माण हुनेछन् ।

ग्रीन हाइड्रोजनको उत्पादन, उपयोग, भण्डारण र ढुवानीका लागि आवश्यक पर्ने जग्गा कानुनबमोजिम प्राप्तिका लागि सहजीकरण गरिनेछ । रासायनिक मल उत्पादन गर्ने उद्योग स्थापना तथा प्रवर्द्धन, उत्पादित रासायनिक मलको बजारीकरणलाई सहजीकरण गर्ने रणनीति तय भएको छ । नवीनतम् ऊर्जाको भविष्यका रूपमा लिइएको तथा पछिल्लो समयमा प्रविधिमा भएको विकासले विश्वव्यापीरूपमा हाइड्रोजनको उत्पादन र प्रयोगलाई नयाँ आयाम प्रदान गरेको छ ।नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष जनाएको शून्य कार्वन उत्सर्जनको प्रतिबद्धता पूरा गर्न ग्रीन हाइड्रोजन ऊर्जाको उत्पादन र प्रयोगले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने अवस्था रहेको छ । ग्रीन हाइड्रोजन स्वच्छ ऊर्जा रूपान्तरणमा योगदान गर्ने ठूलो सम्भावनाको रूपमा रहेको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव एवं प्रवक्ता नवीनराज सिंहको भनाइ छ ।

नेपालको सन्दर्भमा जलविद्युत्बाट हाइड्रोजन र यसका सहउत्पादनको सम्भावना छ । जलविद्युत्को मौसमी उत्पादनलाई सम्बोधन गर्न, यातायात र उद्योगहरूमा पेट्रोलियम पदार्थ खपत घटाउने सम्भावना यस क्षेत्रमा प्रोत्साहन गरिएको छ । प्रचुर मात्रामा उपलब्ध जलविद्युत् प्रयोग गरी ग्रीन हाइड्रोजन उत्पादन र यसको प्रयोगबाट रासायनिक मल उत्पादन तथा यसको सहउत्पादन निर्यात गरी विदेशी मुद्रा आर्जन गर्नसक्ने देखिएको छ ।

भारत, चीन र अमेरिकालगायत धेरै मुलुकले हाइड्रोजनको उत्पादन तथा यसको उपयोगको मार्गचित्र तयार गरी लागू गरिसकेको अवस्था छ । ऊर्जा क्षेत्रमा आत्मनिर्भर बन्नका लागि छिमेकी राष्ट्रले समेत हाइड्रोजन नीति लागू गरिसकेका छन् । रासायनिक मल आयातमा ठूलो मात्रामा विदेशी मुद्रा मुलुक बाहिर गइरहेको छ । सो अवस्थाबाट मुक्त हुन, विद्युत् खरिद बिक्री सम्झौता भएको छ । विद्युत् उत्पादनको विभिन्न चरणमा रहेका आयोजनाबाट आगामी केही वर्षभित्र ठूलो मात्रामा उत्पादन हुने तथ्याङ्क नेपाल विद्युत् प्राधिकरणले सार्वजनिक गरेको छ । जलविद्युत्को खपत बढाउन र दिगो तथा स्वच्छ औद्योगिकीकरणको गतिलाई तीव्रता दिन ग्रीन हाइड्रोजनको उत्पादन र उपयोग आगामी दिनमा थप अपरिहार्य बन्दै गएको छ ।

## यस्तो छ ग्रीन हाड्रोजनमा गरिएको प्रयास

विसं २०६५ मा त्रिभुवन विश्वविद्यालय र वेस्टर्न मिचिगन विश्वविद्यालयले संयुक्तरूपमा नेपालमा हाइड्रोजन ऊर्जाको सम्भावनासम्बन्धी अध्ययन गरेको थियो । सो अध्ययनअनुसार जलविद्युत् प्रयोग गरी हाइड्रोजन तथा यसको सहउत्पादन गर्न र सोको उपयोग गरी पेट्रोलियम पदार्थको आयातमा न्यूनीकरण गर्न सकिनेछ ।त्यसैगरी २०७७ सालमा एसियाली विकास बैंकले नेपालमा जलविद्युत्को प्रयोगबाट हाइड्रोजनको उत्पादनको सम्भावनाका बारेमा अध्ययन गरेको थियो । सोही वर्ष नै काठमाडौँ विश्वविद्यालयले ग्रीन हाइड्रोजन प्रयोगशाला स्थापना गरी नेपालको सन्दर्भमा हरित हाइड्रोजनको आवश्यकता र सम्भावनाबारे अनुसन्धान गरिरहेको छ ।

जल तथा ऊर्जा आयोगको सचिवालयले २०७८ सालमा नेपालमा ग्रीन हाइड्रोजन उत्पादनको सम्भावना र प्रयोगका सम्बन्धमा प्रारम्भिक अध्ययन गरी प्रतिवेदन तयार पारेको थियो । सो प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पेस गरेको थियो ।

आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको बुदाँ नं दुई सय ५७ मा 'नेपालको इन्धन र ऊर्जा उपभोग एवं यातायात र औद्योगिक क्षेत्रको समग्र विकासमा योगदान गर्न सक्नेगरी हाइड्रोजन ऊर्जाको व्यावसायिक उपयोग गर्न आवश्यक कार्य प्रारम्भ गरिनेछ' भन्ने उल्लेख छ । सोही बजेट वक्तव्यको बुदाँ नं ३६ मा 'ग्रीन हाइड्रोजन र ग्रीन एमोनिया प्रविधि प्रयोग गरी रासायनिक मल कारखाना स्थापना गर्न लगानी बोर्ड नेपालमार्फत कार्य अगाडि बढाइने' भन्ने उल्लेख थियो ।

# सामुदायिक वनलाई उत्पादनसँग जोड्न खेती

**टुडे समाचारदाता**

ढोरपाटन । हिजोआज गाउँ रित्तिँदै गएपछि सामुदायिक वन पनि झाडीले भरिँदै गएका छन् । चरिचरन, घाँस, दाउरा र स्याउलाका लागि प्रयोग हुने वन अचेल सुनसान हुन थालेकाले काठेखोला गाउँपालिका-७ ले प्रयोगविहीन बन्दै गएका सामुदायिक वनलाई उत्पादनसँग जोड्न थालेको छ ।



वडा कार्यालयको अग्रसरतामा यहाँका मालुका, पातल, पाङखोला, चित्रे, तितेभारी गरी चार सामुदायिक वनमा निउरो, सिस्नो, नागबेली र बाँको लगाउन थालिएको छ । वनका अनावश्यक झाडी पन्छाएर तरकारी तथा औषधिजन्य वनस्पति र तरकारीखेती गर्न लागिएको हो ।

चालु आर्थिक वर्षमा विनियोजित रु एक लाखबाट सामुदायिक वनमा ती वनस्पति लगाउन थालिएको काठेखोला गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर लामिछानेले जानकारी दिए । सुरुमा करिब १२ रोपनी सामुदायिक वनमा खेती गर्ने योजना रहेको र आगामी वर्षदेखि थप क्षेत्रमा पनि यसलाई विस्तार गरिने उहाँको भनाइ थियो । प्रयोगविहीन भएको जङ्गललाई उत्पादन र आम्दानीसँग जोड्न बिरुवा सङ्कलन गरिरहेको र निउरो कम भएकाले म्याग्दीबाट मगाएर लगाइने अध्यक्ष लामिछानेले बताए ।

"बिरुवाहरु खासै बाहिरबाट ल्याउनु पर्दैन, यहीँकै जङ्गलबाट बिरुवा सङ्कलन गरेर लगाउनेछौँ, थप बढाउनका लागि म्याग्दीबाट ल्याउनुपर्छ, सिस्नो, नागबेली र बाँको यहीँ पनि प्रशस्तै पाइन्छ तर निउरोको बिरुवा कम हुने हुँदा म्याग्दीबाट मगाएर लगाउने योजना बनाएका छौँ", उनले भने, "बसाइँसराइले गर्दा वनजङ्गलको प्रयोग कम भएको छ, वनको खाली ठाउँमा निउरो, सिस्नो, नागबेली र बाँकोखेती गरेर स्थानीयवासीलाई उत्पादन र आम्दानीसँग जोड्न यो काम गर्दैछौँ, सुरुमा केही मेहनत गर्नुपर्छ, पछि-पछि यसबाट राम्रै प्रतिफल आउने अपेक्षा गरेका छौँ ।"

काठेखोला गाउँपालिका-७ का उजेली शर्माले पहिलेको तुलनामा अहिले वनमा रुख बिरुवासँगै झाडी बढेकाले वडा कार्यालयले ल्याएकको योजना गाउँलेका लागि निकै लाभदायी हुने बताए । अहिले निउरो टिप्न जङ्गल जानुको सट्टा बजारबाट किनेर ल्याउने गरिएको उनको भनाइ थियो । अब गाउँकै जङ्गलमा जङ्गली तरकारी उत्पादन गरेर बजार पठाउने शर्माले बताए ।

"अचेल गाउँका मानिस अल्छी बन्दै गएकाले करेसाबारीमा तरकारी फलाउन छाडेर आयातित तरकारी किन्ने गरेका छन्", उनले भने, "गाउँ नजिकै जति पनि वनजङगल छन्, पहिलेको जस्तो छैन, घर नजिक पनि वन फैलिन थालेको छ, उतिबेला गाउँमा धेरै मान्छे बस्थे, पशुचौपाया पाल्थे र वनमा गएर घाँस दाउरा भारीका भारी ल्याउँथे, अहिले त गाईभैँसी पाल्न छाडे, वनमा पनि जान छाडे, त्यही भएर वन बढेको छ, गाउँ वरपर रुखबिरुवा बढेर जङ्गलजस्तो बन्न थालेकाले अब गाउँ नजिकको वनमा तरकारी जातका बिरुवा लगाएर आर्थिक आयआर्जन गर्नेगरी काम गर्न लागेका छौँ ।"

# नेप्से परिसूचकमा लगातार गिरावट

**टुडे समाचारदाता**

काठमाण्डु । यो साता नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक निरन्तर ओरालो लागेको छ । सातामा कारोबारको पाँचौँ दिन विहिबार नेप्से परिसूचक तीन दशमलव ९४ अङ्कले घटेर दुई हजार ८४ दशमलव ०९ को बिन्दुमा कायम भएको हो । आइतबार यता नेप्से परिसूचक निरन्तर घटिरहेको छ ।

विहिबार तीन सय चार कम्पनीको एक करोड १६ लाख ८९ हजार नौ सय ५५ कित्ता सेयर ९१ हजार तीन सय ६४ पटकको खरिद बिक्री हुँदा रु तीन अर्ब ७६ करोड ४५ लाख पाँच हजार चार सय ५० बराबरको कारोबार भएको छ । आजको कारोबारमा ९१ कम्पनीको सेयर मूल्यमा वृद्धि हुँदा एक सय ४१ कम्पनीको सेयर मूल्य घटेको छ ।सामलिङ पावर कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सिटिजन्स म्युचुअल फण्ड-२ को सेयर मूल्य पाँच दशमलव ०३ प्रतिशतले घटेको छ ।

बिहीबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स कम्पनीको कारोबार भएको छ । यो कम्पनीको रु २८ करोड ६७ लाखबराबरको कारोबार भएको हो । कारोबार भएका सेयर संख्याका आधारमा भने ड्यादी ग्रुप पावर लिमिटेडको पाँच लाख ९९ हजार सात सय ६१ कित्ता सेयर किनबेच भएको छ ।

# ११ करोडका सुन्तला बिक्री



**टुडे समाचारदाता**

पर्वत । नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले रैथाने जातको मान्यता प्रदान गरेको पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कमा उत्पादित सुन्तला मुग्लिन र काठमाडौँको कालीमाटी बजारमा पठाइएको छ ।

अन्यत्र सुन्तलाको सिजन सकिने बेला भइसक्दा यहाँका सुन्तला भने बल्ल बजार पठाउन थालिएको हो । यस वर्ष सुन्तला खरिद गर्न काठमाडौँको कालीमाटी, मुग्लिन, धादिङ तथा नारायणगढका व्यवसायी बाँसखर्कका सुन्तला बगानमा आइपुगेका छन् ।

कतिपय व्यवासयीले थोरै मात्रामा सुन्तला ढुवानी गर्न थालेका छन् भने कतिपय व्यवसायीले किसानसँग सम्झौता गरे पनि सुन्तला टिप्न आइनपुगेको सबैभन्दा बढी सुन्तला बिक्री गर्ने किसान जगतबहादुर खत्रीले बताए । बोटमा फल लामो समयसम्म राख्दा अर्को वर्ष कम उत्पादन हुने भएकाले माघभित्रै फल टिपेर लैजान व्यवसायीलाई किसानले आग्रह गरेका छन् ।

गत वर्ष रु १५ करोड भित्र्याएका यहाँका किसानले यस वर्ष भने उत्पादन घटेको बताएका छन् । यस वर्ष रु १० देखि रु ११ करोड आम्दानी हुने अनुमान गरिएको अगुवा किसान खत्रीले बताए । गण्डकी प्रदेशकै स्वादिलो सुन्तला उत्पादन हुने बाँसखर्कमा ढिलोगरी सुन्तला पाक्ने भएकाले मूल्यसमेत महँगोमा बिक्री हुने गर्दछ । यहाँका किसानले गत वर्ष बोटबाटै प्रतिकेजी रु एक सय ७० मा बिक्री गरेका थिए भने यस वर्ष रु एक सय ८० मा बिक्री गर्ने तयारी गरेका छन् ।

गत वर्ष सुन्तलाको फल लाग्ने बेला फागुन १५ गते परेको असिनापानीका कारण उत्पादन घटेको किसान खत्रीले बताए । खत्रीले गत वर्ष सुन्तला बिक्रीबाट रु ३२ लाख आम्दानी गरेका थिए । उनका तीन सय बोटमा सुन्तला फल्ने गर्दछन् । त्यसैगरी भक्तबहादुर पाइजाले रु २२ लाख र अर्का किसान हेमकुमार अर्मजाले रु २७ लाखको सुन्तला बिक्री गरेका थिए ।

व्यावसायिकरूपमा सुन्तलाखेती गर्दै आएका यहाँका दुई सयभन्दा बढी परिवारले सुन्तलालाई मुख्य पेसा बनाएका छन् । स्थानीय बजारमारे सुन्तला उत्पादन सहकारी संस्थामा आबद्ध किसानले मकै, कोदोलगायतका बालीनाली लगाउन छाडेर सुन्तलाखेती विस्तार गरेका छन् । सहकारीका अध्यक्षसमेत रहेका किसान खत्रीले ढिलो गरी पाक्ने र स्वादिलो हुने भएकाले यहाँको सुन्तलाको माग बढी हुने गरेको सुनाए । बाँसखर्कमा अन्य खाद्यान्न र फलफूल उत्पादन हुँदैन । किसानले धान, कोदो र मकैभन्दा सुन्तलाखेतीले फाइदा हुने भएपछि सुन्तलालाई मुख्य आम्दानीका रूपमा लिँदै आएका छन् । "यहाँका किसानले न्यूनतम रु पाँच लाखभन्दा थोरै कमाउने कुनै घरै छैनन्", अध्यक्ष खत्रीले भने, सबैभन्दा बढी आम्दानी आफूले गर्ने गरेको बताए । सुन्तलाकै कमाइले बजारमा घरघडेरी नजोडेका निकै कम छन् । उहाँका अनुसार घरको आँगनसमेत सुन्तलाका बोटले ढाकिएको छ ।

सुन्तलाको व्यवस्थित बजारीकरण गर्न किसानकै अग्रसरतामा विगत पाँच वर्षअघि रु ६७ लाख खर्चिएर शीतभण्डार केन्द्र सञ्चालन गरिएको छ । तर बोटमै सन्तोषजनक मूल्य पाएपछि शीतभण्डारमा भण्डारण गर्न किसानले चासो देखाउँदैनन् । केही किसानले भेन ग्रेडिङ गरेर बाँकी रहेका सुन्तला शीतभण्डारमा राखेर बेसिजनमा बिक्री गर्ने गरेको स्थानीय कल्पना खत्रीले बताए ।

सुन्तलाका लागि उपयुक्त क्षेत्र भएकाले बाँसखर्कमा बर्सेनि क्षेत्रफल विस्तार हुँदै आएको छ । यहाँका दुई सयभन्दा बढी परिवार सुन्तलाखेतीमा आबद्ध भएको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ । कृषि ज्ञान केन्द्र पर्वतका बागवानी विकास अधिकृत शङ्कर पौडेलले बोटमा लामो समय फल राख्दा अर्को वर्षको उत्पादनमा कमी आउने बताए । बाँसखर्कमा पनि गत वर्ष अत्यधिक फलेका कारण यस वर्ष केही कम भएको बताउँदै समग्र जिल्लाभरमा भने उत्पादनमा असर नगरेको बताए ।


## प्रभु बैंक लिमिटेड शाखा कार्यालय मलगंवा सर्लाहीका तपसिलमा उल्लेखित ऋणीहरू तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकासित मिति २०८०/१०/१२ गते शुक्रवारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, मलगंवा सर्लाहीमा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय, मलगंवा सर्लाहीमा** दिनको ठीक ३ (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी, जमानतकर्ता तथा धितोको विवरण :**

**१. ऋणी** : प्रदेश सरकार प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिजय तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा औद्योगिक व्यवसाय ऐन २०७३ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावली २०७६ को नियम ४ बमोजिम मिति २०७६/०८/३० गते प्रा.फ.नं. ८२६७/०७६/०७७ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रलय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर धनुषा करदता सेवा कार्यालय मलगंवा सर्लाहीबाट मिति २०७६/०९/०१ मा करदताको नाम लक्ष्मी कान्त साह कारोवारको नाम न्यू जनता ग्यारेज एण्ड वास सेन्टर भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१२६५४१५० को प्रमाणपत्र प्राप्त **न्यू जनता ग्यारेज एण्ड वास सेन्टर** । रजिष्ट्रर्ड ठेगाना : सर्लाही जिल्ला मलंगवा न.पा. वडा नं.९ ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : लक्ष्मी कान्त साह**<br>(ना.प्र.नं. १९३०३१/१५६४ जारी मिति २०६३/१२/३०, प्रतिलिपी जारी मिति २०७१/०९/०५ जारी गर्ने कार्यालय जि.प्र.का.सर्लाही) ।<br>ठेगाना : सर्लाही जिल्ला मलंगवा न.पा.वडा नं. ९ ।<br>बाबु : दशरथ साह सोनार । बाजे : वैदेही साह सोनार । | **जमानतकर्ता : ललिता देवी सोनार**<br>(ना.प्र.नं १९३०३१/१५३५ जारी मिति २०६३/१२/२९, जारी गर्ने कार्यालय जि.प्र.का.सर्लाही) ।<br>ठेगाना : सर्लाही जिल्ला मलंगवा न.पा.वडा नं. ९ ।<br>बाबु : रुपचन साह सोनार । पति :दशरथ साह सोनार । ससुरा : वैदेही साह । |
| **जमानतकर्ता : फुलो साह**<br>(ना.प्र.नं.१९-०१-७६-११९९१ जारी मिति २०७६/१०/१३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।<br>ठेगाना : सर्लाही जिल्ला मलंगवा न.पा.वडा नं. ९ ।<br>बाबु : नन्द किशोर साह ।<br>पति : लक्ष्मी कान्त साह/ससुरा : दशरथ साह सोनार । | **जमानतकर्ता : दशरथ साह सोनार**<br>(ना.प्र.नं.१९३०३१/२५०, जारी मिति २०६३/१२/२७ जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही ) ।<br>ठेगाना : सर्लाही जिल्ला मलंगवा न.पा.वडा नं. ९ ।<br>बाबु : वैदेही साह ।<br>बाजे : सुबा साह । |

**लिलाम विक्री हुने धितो सम्पत्तिको विवरण :**

१. **लक्ष्मी कान्त साह**को नाममा मालपोत कार्यालय मलगंवा सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला विष्णुपुर गा.वि.स.वडा नं.८ नक्सा सिट नं.८क स्थित कि.नं. १३५१ को क्षेत्रफल ०-०-१०-० (बिघा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत....................१
२. ऋणी न्यू जनता ग्यारेज एण्ड वास सेन्टर को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ....................१

**२. ऋणी** : प्रदेश सरकार प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिजय तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७५/०७/१५/०५ गते प्रा.फ.र.नं. ६१४९/०७५/०७६ स्थानीय व्यापारमा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रलय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर धनुषा करदता सेवा कार्यालय मलगंवा सर्लाहीबाट मिति २०७५/०७/१६ मा करदताको नाम शैल कुमार देवी कारोवारको नाम शुभ लक्ष्मी हार्डवेयर एण्ड सप्लायर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०८७०१४९५ को प्रमाणपत्र प्राप्त **शुभ लक्ष्मी हार्डवेयर एण्ड सप्लायर्स । रजिष्ट्रर्ड ठेगाना :** जिल्ला सर्लाही ब्रहमपुरी गा.पा वडा नं ०६ ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : शैल कुमार देवी**<br>(ना.प्र.नं.१९-०१-७०-०१११७, जारी मिति २०७०/०५/२६, जारी गर्ने कार्यालय जि.प्र.का.सर्लाही) ।<br>ठेगाना : सर्लाही जिल्ला नोकैल्वा गा.वि.स.वडा नं.६<br>(हाल ब्रहमपुरी गा.पा.वडा नं.०६) ।<br>बाबु : बुनिलाल राय ।बाजे : सठु अधिकारी ।<br>पति : कृष्णा राय/ससुरा : हिरा राय । | **जमानतकर्ता : संजिव कुमार यादव**<br>(ना.प्र.नं. १९१०४६/१३, जारी मिति २०६४/२/०७, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।<br>ठेगाना : सर्लाही जिल्ला नोकैल्वा गा.वि.स.वडा नं.६<br>(हाल ब्रहमपुरी गा.पा.वडा नं.०६) ।<br>बाबु : कृष्णा राय ।<br>बाजे : हिरा राय । |
| **जमानतकर्ता : राजन कुमार यादव**<br>(ना.प्र.नं.१९-०१-७१-०३१११, जारी मिति २०७१/०३/३०, जारी गर्ने कार्यालय जि.प्र.का.सर्लाही) ।<br>ठेगाना : सर्लाही जिल्ला नोकैल्वा गा.वि.स.वडा नं. ६<br>(हाल ब्रहमपुरी गा.पा.वडा नं.०६) ।<br>बाबु : कृष्णा राय । बाजे : हिरा राय । | **जमानतकर्ता : कृष्णा राय**<br>(ना.प्र.नं. ६५७६१३५४ जारी मिति २०३५/०२/०३, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।<br>ठेगाना : सर्लाही जिल्ला नोकैल्वा गा.वि.स.वडा नं. ६<br>(हाल ब्रहमपुरी गा.पा.वडा नं.०६) ।<br>बाबु : हिरा राय । बाजे : बुनियालाल राय । |

**लिलाम विक्री हुने धितो सम्पत्तिको विवरण :**

१. शैल कुमारी देवीको नाममा मालपोत कार्यालय मलगंवा सर्लाही दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला नोकैल्वा गा.वि.स.वडा नं. ७ नक्सा सिट नं. ७क स्थित कि.नं.२०८ को क्षेत्रफल ०-२-१५-० (बिघा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत....................१
२. ऋणी शुभ लक्ष्मी हार्डवेयर एण्ड सप्लायर्सको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ....................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्याल मलंगवा सलाही**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय मलगंवा सर्लाहीमा** सम्पर्क राख्न सकिन ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

# श्रीमानको बन्द श्रीमतीद्वारा अवज्ञा आजपाका कार्यकर्ता रिहा



**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रियसभा सदस्य निर्वाचनलाई लक्षित गरी बन्द घोषणा गरेका आम जनता पार्टीका केन्द्रीय अध्यक्ष प्रभु साहकी श्रीमती रिना देवी साहले मतदान गरी बन्दको अवज्ञा गरेकी छन् । उनी एमालेबाट रौतहटको मौलापुर नगरपालिकाकी नगर प्रमुख हुन् ।

निर्वाचनमा सहभागी हुन आएका मतदातालाई मतदान स्थलमा पुग्न नदिने योजना बुनेका श्रीमान प्रभु साहको सपनामाथि उनकै श्रीमती नगरप्रमुख रिना देवीले मतदान गर्नु श्रीमानको आदेशको अवज्ञा गरेको कतिपयले टिप्पणी गरेका छन् ।

यसक्रममा आजपाले राष्ट्रिय सभा सदस्य निर्वाचनलाई लक्षित गरी गरेको मधेश प्रदेश बन्दको आंशिक प्रभाव परेको छ ।

राष्ट्रियसभा निर्वाचनलाई विथोल्नका लागि मधेश बन्दको आह्वान गरे पनि शान्तिपूर्णरुपमा मतदान सम्पन्न भएको छ ।

जनकपुरधाममा बिहीबार बिहान बन्द गराउँदै हिडेका आजपाका नेता तथा कार्यकर्ताहरुलाई रामानन्द चोकबाट प्रहरीले पक्राउ गरेको थियो ।

जनकपुरधाम स्थित रामानन्द चोकमा पसलहरु बन्द गराउँदै हिडेका आजपाका दर्जनौं नेता तथा कार्यकर्तालाई पक्राउ गरिएको थियो ।

बन्द गराउने क्रममा जनकपुरको रामानन्द चोकमा एक सरकारी सवारीसाधन तोडफोड गर्ने क्रममा ६८ जना नेता-कार्यकर्ताहरुलाई प्रहरीले पक्राउ गरेको आजपाका केन्द्रीय सदस्य विजय साहले जानकारी दिए ।

पक्राउ परेका आजपाका ६८ जना नेता तथा कार्यकर्ताहरुलाई बिहीबार साँझ रिहा गरेको धनुषा प्रहरीका प्रहरी नायब उपरीक्षक रञ्जन आवेले जानकारी दिए । पक्राउ गरेका आन्दोलनकारीलाई राष्ट्रियसभा सदस्य निर्वाचन सम्पन्न भएपछि छाडिएको उनले बताए ।

बैंकहरुले लिएको मनोमानी ब्याज फिर्ता हुनुपर्ने, लघुवित्त र सहकारीबाट लिएको कर्जा माफी हुनुपर्ने र सर्वसाधारणलाई सहज कर्जा प्रवाह हुनुपर्नेलगायतका माग गर्दै मधेश बन्द गरिएको आजपाका नेता साहले बताए ।

तर अध्यक्ष प्रभु साहले भने बन्द पूर्णरुपमा सफल भएको दाबी गरेका छन् ।

# प्रमुख प्रशासकीय अधिकृतसहित पाँच जनाविरुद्ध आरोपपत्र दायर

**टुडे समाचारदाता**

राजविराज । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको रुपनी गाउँपालिकामा आर्थिक वर्ष २०७७/७८ मा विद्यालयमा बालिकाहरुलाई वितरणका लागि स्यानिटरी प्याड खरिद गर्दा अनियमितता भएको भन्दै पाँच जनाविरुद्ध बिहीबार विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।




रुपनी गाउँपालिका कार्यालयले मिलेमतोमा सिलबन्दी दरभाउ पत्रको माध्यमबाट खुद्रा मूल्यभन्दा दुई गुणा बढी रकममा स्यानिटरी प्याड खरिद गरेको आरोप छ । यो प्रकरणमा रुपनी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अरविन्दकुमार चौधरी, लेखा अधिकृत श्यामसुन्दर यादव, माध्यमिक तह शिक्षक श्यामप्रसाद यादव, नायब सुब्बा सुजन दाहाल र श्री लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स राजविराज, सप्तरीकी प्रोप्राइटर ललिताकुमारी साहमाथि आरोपपत्र दायर गरिएको छ ।

रुपनी गाउँ कार्यपालिकाको कार्यालयले आ.व. २०७७/०७८ मा नेपाल सरकार सशर्त अनुदानतर्फ सामुदायिक विद्यालयका छात्राहरुका लागि निःशुल्क प्याड वितरणका लागि बजेट विनियोजन भएकोमा गाउँपालिकाले स्यानिटरी प्याड खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११ बमोजिम मालसामानको लागत अनुमान तयार गर्ने तथा लागत अनुमान तयार गर्दा स्थानीय बजार प्रचलित दरभाउ समेतलाई आधारको रुपमा लिई गर्नुपर्नेमा प्रचलित कानुनी व्यवस्थाको पालना नगरी खरिद गरेको आरोप लगाएको छ ।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत चौधरी, लेखा अधिकृत यादव, माध्यमिक तह शिक्षक यादव, नायब सुब्बा दाहाल र श्री लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स राजविराज, सप्तरीकी प्रोप्राइटर साहसमेतको मिलेमतोमा लागत अनुमान नै तयार नगरी/नगराई ९ लाख ११ हजार ९ सय २५ रुपैयाँ रकम पर्ने जस्मिन हाईजिन प्रोड्रक्ट प्रा.लि., मोरंगद्वारा उत्पादित स्यानिटरी प्याडलाई १७ लाख ८५ हजार ९ सय २८ रुपैयाँमा खरिद गरेको अख्तियारको आरोप रहेको छ ।

८ लाख ७४ हजार तीन रुपैयाँ बराबरको रकम अस्वाभाविक रुपमा बढी मूल्य भुक्तानी लेनदेनमा आफूहरुलाई लाभ पुऱ्याउने र गाउँपालिकालाई हानि नोक्सानी पुऱ्याउने बदनियतले प्रोप्राइटर साहलाई भुक्तानी लेनदेन कार्य गरेको पुष्टि भएको अख्तियारको आरोप रहेको छ ।

सो आरोपपत्रमा अख्तियारले तत्कालीन प्रमुख प्रशासकीय अधिकृत चौधरी, लेखापाल यादव, माध्यमिक तह शिक्षक यादव र नायव सुब्बा दाहाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ञ) बमोजिमको कसुरमा बिगो ८ लाख ७४ हजार ३ रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन माग दाबी गरिएको छ ।

साथै सप्लायर्स साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ञ) बमोजिम सोही ऐनको दफा २२ बमोजिमको मतियारको कसुरमा मुख्य कसुरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) खण्ड (ञ) बमोजिमको कसुरमा बिगो ८ लाख ७४ हजार तीन रुपैया कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारहरुलाई हुने सजायसरह सजाय गरी बिगोसमेत असुलउपर हुन मागदाबी लिई आरोपपत्र दायर गरिएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले विज्ञप्तिमार्फत जनाएका छन् ।

# सहकारीका सञ्चालक दास पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दीमा रहेको प्रिय बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष र प्रबन्धक बचतकर्ताको बचत रकम लिएर फरार भएपछि प्रहरीले एक जना संस्थापक सदस्यलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको छ ।

जिल्लाको लालबन्दी नगरपालिका-७, मा रहेको संस्थाका अध्यक्ष झगरुप्रसाद दास र प्रबन्धक रवीना रायमाझी गत पुस १६ गतेदेखि संस्था बन्द गरेर फरार छन् । आफूहरूको बचत रकमसहित दास र रायमाझी फरार भएपछि बचतकर्ताले इलाका प्रहरी कार्यालय लालबन्दीमा उजुरी दिएका छन् ।




सोही उजुरीका आधारमा अनुसन्धान गर्दैजाँदा प्रहरीले स्थापनाकालमा संस्थाको सञ्चालक समितिको सदस्य रहेका कौडेना गाउँपालिका -३ घर भइ हाल लालबन्दी नगरपालिका -५ मा बस्ने ३७ वर्षीया सुनितादेवी दासलाई नियन्त्रणमा लिएको छ । सुनिता फरार रहेका संस्थाका अध्यक्ष झगरुकी श्रीमती हुन् ।

उनीविरुद्ध सहकारी ऐन अन्तर्गत ठगी र आपराधिक विश्वासघात मुद्दामा सर्लाही जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रमुख एवं प्रहरी निरीक्षक हरिबोल केसीले जानकारी दिए । उनका अनुसार उजुरी परेकामध्ये संस्थाका अध्यक्ष दास, प्रबन्धक रायमाझी र रायमाझीका श्रीमान् बुद्धिमान उप्रेती फरार छन् । प्रहरी निरीक्षक केसीले संस्थाका सञ्चालक समितिका पदाधिकारी को-को हुन भन्ने नै खुल्न नसकेको बताए । 'संस्थाका जिम्मेवार सञ्चालक को-को हुन भन्ने कर्मचारी तथा अन्य कसैलाई पनि थाहा छैन" प्रहरी निरीक्षक केसीले भने, 'सुनितादेवी संस्थापक सञ्चालक रहेको खुलेकाले उनलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएका हौं, थप बुझ्ने काम हुँदैछ ।'

यस संस्थाले हरिपुर र हरिवनमा समेत कर्मचारी राखेर बचत सङ्कलन गर्नेगरेको थियो । संस्थामा बचतकर्ताको कति रकम थियो भन्ने खुल्न सकेको छैन । संस्थाको सञ्चालक समितिका पदाधिकारी, हरहिसाब, वार्षिक साधारण सभा गरे-नगरेको केही खुल्न नसकेको प्रहरीले जनाएको छ । कर्मचारीका अनुसार संस्थामा बचतकर्ताको करिब चार करोड रुपियाँ रकम बचत छ ।

संस्थाकी कर्मचारी एवं फिल्डमा खटिएर पैसा उठाउने काम गर्ने एलिसाकुमारी लायो मगरले अध्यक्ष दास र प्रबन्धक रायमाझी पुस १६ गतेदेखि मोबाइल 'स्विच अफ' गरेर बेपत्ता भएको बताइन् । उनले अध्यक्ष दास र प्रबन्धक रायमाझीबाहेक अन्य कोही सञ्चालक भनी कार्यालयमा नआएको जानकारी दिइन् ।

लालबन्दी नगरपालिकाले यस सहकारीको नगरपालिकामा कुनै 'रेकर्ड' नरहेको जनाएको छ । नगरपालिकाको सहकारी शाखाका प्रमुख गोपाल थापाले यो सहकारीको नवीकरण गर्न र अन्य कागजात बुझाउन कहिल्यै कोही नआएको बताए ।

"नगरपालिकामा अहिले ३८ वटा सहकारी संस्था नियमित नवीकरण भएका छन् तर प्रिय बचत सहकारीको हकमा अहिलेसम्म कुनै कागजात लिएर कोही आएको छैन" थापाले भन्नुभयो । साबिकको डिभिजन सहकारी कार्यालय मलङ्गवाले स्थानीय तहहरूलाई सहकारी संस्थाको विवरण हस्तान्तरण गर्दा लालबन्दी नगरपालिकाभित्रका ८४ वटा सहकारीको फाइल हस्तान्तरण गरेको थियो ।

सहकारी शाखाका प्रमुख थापाका अनुसार प्रियका अध्यक्ष र प्रबन्धक फरार भएपछि एक सयभन्दा बढी बचतकर्ताले नगरपालिकामा पनि उजुरी दिएका छन् । अध्यक्ष र प्रबन्धक संस्था नै बन्द गरेर फरार भएपछि खाइनखाइ गरी संस्थामा बचत राखेका बचतकर्ता निराश बनेका छन् ।

कर्मचारीका अनुसार संस्थाले केही समय अघिदेखि नै ऋण लगानी गर्न भने छाडेको थियो । जानकारका अनुसार अध्यक्ष दास र प्रबन्धक रायमाझीले झोलामा कागजात बोकेर लापरबाही ढङ्गले संस्था चलाउँदैआएका थिए । झगरुले लालबन्दी -७ स्थित बजारमा फर्निचर व्यवसाय समेत सञ्चालन गर्थे ।

# राष्ट्रसेवक कर्मचारी सम्मानित

**टुडे समाचारदाता**

राजविराज । यहाँ एक संस्थाले कार्यक्रमको आयोजना गरी तीनजना राष्ट्रसेवक कर्मचारीलाई सम्मान गरेको छ ।



अफिर्सस क्लब सप्तरीले बिहीबार एक कार्यक्रमबीच जिल्ला खेलकुद विकास समितिका पूर्व प्रशिक्षण प्रमुख संजय परियार, तिलाठी कोइलाडी गाउँपालिका र रुपनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत क्रमशः राजु झा र तारणी प्रसाद यादवलाई सम्मान गरेको छ ।

राष्ट्रसेवकको रुपमा आफ्नो जिम्मेवारी कुशलतापूवर्क निर्वाह गरेको तथा समाजमा योगदान पुऱ्याए वापत उनीहरुलाई सम्मान गरिएको क्लबका अध्यक्ष मनोज यादवले जानकारी दिए ।

सो अवसरमा क्लबका संरक्षकसमेत रहेको कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी किरण थापाले राष्ट्रसेवक कर्मचारीलाई सम्मान गर्दै सेवाग्राहीको काममा निष्पक्ष भइ जिम्मेवारीपूर्ण तरिकाले राष्ट्रसेवकहरु कार्य सम्पादन तथा समाजका लागि योगदान दिनुपर्नेमा जोड दिएका थिए ।

# आमाको स्मृतिमा वृद्धाश्रममा सहयोग

**टुडे समाचारदाता**

जनकपुरधाम । मारवाडी सेवा समितिका अध्यक्ष निर्मल कुमार चौधरीका छोराहरु आकाश चौधरी र कशिश चौधरीले आमा अनिता चौधरीको स्मृतिमा जनकपुरधामस्थित जानकी वृद्धाश्रमलाई २१ हजार रुपैयाँ सहयोग गरेका छन् ।




जानकी वृद्धाश्रमका अध्यक्ष परमेश्वर साह र कोषाध्यक्ष ललित बजाजलाई चौधरीद्वयले वृद्धाश्रममा पुगेर सहयोग राशी हस्तान्तरण गरेका हुन् ।

चौधरीले श्राद्धको भोजलाई औपचारिकतामा सीमित गरी वृद्धाश्रम, कबिर अनाथ आश्रम, मारवाडी सेवा समिति, मानव सेवा आश्रम र गौशालालाई समेत सहयोग गरेका छन् ।

कोषाध्यक्ष ललित बजाजले २१ हजार रुपैयाँ सहयोग राशी प्राप्त भएको जनाएका छन् ।'हामीले सहयोगका लीगि आग्रह गरेका थिएनौ ' उनले भने, उनीहरु स्वतःस्फूर्तरुपमा वृद्धाश्रममा पुगेर सहयोग गरेका हुन् ।

# उठिबास गर्न चलखेल भएको पीडित आरोप

**टुडे समाचारदाता**

राजविराज । बिटौरी रसिदको आधारमा वर्षौ देखि बसोवास गर्दै आएको जग्गाबाट उठिबास गराइ घरबारविहीन बनाउन चलखेल भइरहेको भन्दै दर्जनौं पीडित परिवारले न्यायका लागि अपिल गरेका छन् ।

सप्तरीको शम्भुनाथ नगरपालिका-६ कठौना बजार क्षेत्रमा बाउबाजेको पाला देखि बसोबास गर्दै आएका करिब ९० परिवार अहिले उक्त जग्गाबाट विस्थापित गराउने चलखेल भइरहेको भन्दै आफूहरुलाई उठिबासबाट जोगाउन सहयोगका लागि अपिल गरेका छन् ।



उनीहरुले स्थानीय केही व्यक्तिको स्वार्थपूर्ति कार्यमा वडाका कर्मचारी, पूर्व जनप्रतिनिधिले साथ दिँदै किर्ते कागजात तयार गरी आफूहरु बसोबास गर्दै आएको जग्गा अर्कै व्यक्तिलाई बेचबिखन गर्न खोजेको आरोप लगाउँदै सोको छानविन हुनुपर्ने माग समेत गरेका छन् ।

पीडित प्रेमप्रसाद गुप्ताका अनुसार २०२६ सालमा तत्कालीन मोहनपुर गाउँ पञ्चायतले बजार बसाउने क्रममा स्थानीयबासीको छलफल र सहमतिमा ८२ वटा प्लट छुट्याइएको थियो । सोही प्लट जग्गामा घर तथा पसल निर्माण गरी भोगचलन गर्दै आएकाहरुलाई उठिबास गराउने गरी अहिले केही व्यक्तिहरुले किर्ते सिफारिस तयार गरी बिक्री वितरण गर्ने षड्यन्त्र गरिरहेको उनको भनाइ छ । उनले वास्तविक जग्गाधनीलाई विस्थापित गर्नका लागि नक्कली जग्गाधनी खडा गरी आवश्यक कागजात समेत तयार गरिएको दाबी पनि गरे ।

जग्गा वापत तत्कालीन गाँउपञ्चायतबाट पाएको बिटौरी रसिदका आधारमा बसोबास गर्दै आएको र हाल सम्म गाउँपालिका हुँदै नगरपालिकासम्मलाई सो वापतको कर बुझाउँदै आएकोमा एक्कासी उठिबास गराउने गरी चलखेल सुरु हुँदा आफूहरु चिन्तामा डुबेको अर्का बिटौरी जग्गा बाहक राम प्रसाद भगतको गुनासो छ । उक्त जग्गाको वर्षौ देखि नियमित कर लिने गरेको पालिकाले अहिले लालपुर्जा दिन इन्कार गर्नु र आफूहरुको उठिबास हुने गरी गतिविधि अघि बढाउनु आफूहरुमाथि अन्याय हुने अर्का स्थानीयवासी सुरेन्द्र प्रसाद गुप्ताको भनाइ छ ।

यस सम्बन्धमा २०७८ साल बैशाख २१ गते तत्कालीन नगर प्रमुख योगेन्द्र प्रसाद चौधरीले भूमि सुधार तथा मालपोत कार्यालयलाई पत्राचार गर्दै नगरपालिकाको ५८ औं बोर्ड बैठकले समेत साबिक मोहनपुर वडा नं. ५ को साबिक कित्ता नं.१७, १८, १९, २०, २१, ३५६, ४०१, ४४०, ४४२, ५४४ र ५ (क) को हालको कित्ता नं.७३५ र (ख) को किता नं.६१, ६२, ७०, ७१, ७२, ७३, ७४, ७५, ७६, ७७ र ५ (ख) को हालको किता नं ४०७, ४८५,७६१, ७६२, ७६४, ७७५, ७५६, ७७६, ९४८, ९४९, ५३२ र ७५५ को जग्गा बिटौरी रसिदको आधारमा वर्षौ देखि घर तथा पसल लगायतका संरचना निर्माण गरी भोग चलन गर्दै आएकोले अन्य कसैले बेच बिखन गर्न नपाउने निर्णय गरेको र सोही अनुसारको व्यवस्था मिलाउन अनुरोध गरेको थियो ।

जिल्ला प्रशासन कार्यालय सप्तरीलाई बोधार्थ समेत दिइएको उक्त पत्रमा उल्लेखित जग्गाहरु केही व्यक्तिहरुले किर्ते सिफारिस तयार गरी बिक्री वितरण गर्न खोजेको उल्लेख गर्दै सोको छानविन र विवादको अन्तिम किनारा नलागे सम्म जग्गाको खरिद बिक्री कार्य रोक्का राख्न पनि आग्रह गरिएको थियो ।

तर हाल सो विपरीत कार्य अघि बढेको बिटौरी जग्गावाहकहरुको गुनासो छ । उनीहरुले यस कार्यमा वडा कार्यालयका एक कर्मचारी, पूर्व जनप्रतिनिधिको संलग्नता र मिलेमतोमा किर्ते सिफारिस लगायतका कागजात तयार गरी स्थानीय केही व्यक्ति जग्गा बिक्रीको चलखेल गरिरहेको आरोप लगाउँदै यसको सूक्ष्म अनुसन्धान हुनुपर्ने मागसमेत गरेका छन् ।

उक्त जग्गाको विषय अदालतमा पुगिसकेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनय कुमार सोनुको भनाइ छ । अदालतको आदेश कार्यान्वयन गर्ने क्रममा वडा कार्यालयले बिटौरी रसिद काट्न रोकेको बताउँदै उनले भने-"अदालतमा मुद्दा परेपछि ती जग्गाको मालपोत काट्नका लागि आदेश भएको छ, अब त्यस्तो अवस्थामा एउटै जग्गाको बिटौरी र मालपोत काट्न नमिल्ने भएकाले समस्या भएको हो ।"

केही दिन अघि मात्र आफू यहाँ सरुवा भइ आएको र सबै पक्षलाई राखी उचित समाधानको पहल थालेको उनको भनाइ छ ।

नगर पिच्छै फरक नीतिले बिटौरी जग्गावाहक अन्य पालिकाहरुमा समेतका गरी हजारौं परिवार समस्यामा परेको भन्दै यहाँका बुद्धिजीवीहरुले अविलम्ब यसको समाधानका लागि स्थानीय, प्रदेश र संघीय गरी तीनै तहका सरकारले पहल गर्नुपर्ने माग गरेका छन् ।


**आवश्यकता**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५



**धुम्रपान र मद्यपान नगरौं, स्वस्थ्य जीवन बाँचौं ।**

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन ।
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं ।
- यसले तपाई र तपाईको परिवारलाई असर पुऱ्याउँछ ।

त्यसैले,

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ्य जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८